मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १५९ • २०८३ साल वैशाख १५ गते मंगलबार • Tuesday 28, April 2026 • सूर्योदयः बिहान ०५:३० बजे • सूर्यास्तः साँझ ०६:३६ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## आगलागीबाट ७ करोडबढिको क्षति

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको राजविराज नगरपालिका–६ मा गए राति भएको आगलागीबाट करिब ७ लाख ६० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ। प्रहरीका अनुसार स्थानीय सुदीप कुमार गुप्ताको घरमा विद्युत् सर्ट भएर आगलागी भएको हो।
आगलागीका कारण घरभित्र रहेका लत्ताकपडा, सुनचाँदी, नगद, फर्निचर तथा मोबाइल जलेर नष्ट भएका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार करिब २ लाख बराबरका कपडा, १३ आना सुन १७ आना चाँदी, १ लाख ५१ हजार नगद, १ लाख ५० हजार बराबरका फर्निचर र करिब २५ हजार मूल्यका मोबाइल जलेर नष्ट भएको छ।
स्थानीयवासी र नेपाल प्रहरीको संयुक्त प्रयासमा आगो नियन्त्रणमा लिइएको थियो।

## सर्वोच्चमा मुद्दा, मैदानमा नापजाँच, बजारमा त्रास
## डोजर, अदालत र आन्दोलनः
# वीरगंज मुख्य सडक विवाद उत्कर्षमा !



**हरिशंकर शर्मा**
**वीरगंज।**
वीरगंजको मुख्य सडक (त्रिभुवन राजपथ) विस्तारसँग सम्बन्धित विवाद एकैसाथ कानुनी, प्रशासनिक र सामाजिक तीनै मोर्चामा गहिरिँदै गएको छ। सडक विस्तारको विषय पुनः सर्वोच्च अदालतसम्म पुगेको छ भने अर्कोतर्फ केन्द्रविन्दु निर्धारण र नापजाँचको काम पनि अघि बढाइएको छ । साथै, विस्तार अभियानले स्थानीय व्यवसाय र रोजगारीमा ठूलो असर पार्दै जनजीवनमै प्रभाव पारेको देखिएको छ।
सडक विस्तारसँग सम्बन्धित मुद्दामा वीरगंजका मदन प्रसाद रौनियारसहित १९ जनाले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं लगायत विभिन्न निकायलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा उत्प्रेषण रिट दायर गरेका छन्। सो मुद्दामा न्यायाधीश शान्ति सिंह थापाको एकल इजलासले सोमबार प्रारम्भिक सुनुवाइ गर्दै 'कारण देखाऊ' आदेश जारी गरेको छ। अदालतले सम्बन्धित निकायलाई लिखित जवाफसहित उपस्थित हुन र छलफलमा सहभागी हुन निर्देशन दिएको छ।
रिट निवेदकहरूले मुआब्जा सुनिश्चित गर्न माग गर्दै अल्पकालीन अन्तरिम आदेशको समेत माग गरेका थिए । तर अदालतले तत्काल अन्तरिम आदेश जारी नगरी दुवै पक्षलाई छलफलका लागि बोलाउने निर्णय गरेको छ।
छलफलको मिति भने मंगलबार तय हुने जनाइएको छ । वीरगंज युवा तथा व्यापारी सडक संघर्ष समितिका कुन्दन रौनियारका अनुसार मुद्दामा सडक डिभिजन कार्यालय, वीरगंज महानगरपालिका, जिल्ला प्रशासन कार्यालयलगायत सबै सरोकारवाला निकायलाई विपक्षी बनाइएको छ।
यसअघि वैशाख ६ गते सडक डिभिजन कार्यालय हेटौंडाले वीरगंज महानगरपालिकासँगको समन्वयमा त्रिभुवन राजपथअन्तर्गत गण्डक चोकदेखि मितेरी पुलसम्मका घर तथा संरचनामा डोजर चलाएको थियो। सो कार्यले ठूलो मात्रामा भौतिक क्षति पु¥याएको छ । प्रारम्भिक विवरणअनुसार करिब १,२०० घर र करिब ३,००० पसल प्रभावित भएका छन् भने यसबाट झण्डै ३,००० जनाको रोजगारी समेत गुमेको बताइएको छ।
विवादकै बीच वीरगंज

बाँकी पृष्ठ २ मा

## घाटामा रहेको
# नेपाल रेल्वे नेतृत्वविहीन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालको एकमात्र रेल सेवा सञ्चालन गरिरहेको नेपाल रेल्वे कम्पनी अहिले नेतृत्व अभाव र व्यवस्थापन समस्याबीच गुज्रिरहेको छ । सात महिनादेखि महाप्रबन्धक पद रिक्त हुँदा संस्थाको दैनिक सञ्चालनसमेत प्रभावित बनेको छ, जसका कारण निर्णय प्रक्रिया सुस्त भएको कर्मचारीहरू बताउँछन्।
हाल भारतको जयनगर देखि महोत्तरीको भङ्गहा सम्म करिब ५२ किलोमिटर दूरीमा रेल सेवा सञ्चालन भइरहेको छ। दैनिक तीन सिफ्टमा चल्ने यो सेवाबाट झण्डै अढाई लाख रुपैयाँ आम्दानी हुने गरे पनि उच्च खर्च र कमजोर व्यवस्थापनका कारण कम्पनी घाटामा छ ।पूर्वमहाप्रबन्धक निरञ्जन झाका अनुसार मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ हुँदा खर्च १ करोड २९ लाख रुपैयाँसम्म पुग्ने गरेको छ । आम्दानीले खर्च धान्न नसक्ने अवस्था रहेको उनले स्पष्ट पारे ।
सरकारको जमानीमा ऋण लिएर सञ्चालन गर्नुपर्ने बाध्यता रहेको र २०८१ असारसम्म कुल ऋण ७९ करोड रुपैयाँ नाघिसकेको जानकारी दिइएको छ।
कम्पनीको आर्थिक विवरणअनुसार आर्थिक वर्ष २०७६÷०७७ देखि २०८०÷०८१ सम्म १९ करोड २१ लाख रुपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको छ। पछिल्लो आर्थिक वर्षमा मात्रै ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख खर्च भएको तथ्यांकले देखाउँछ।
जनशक्ति व्यवस्थापनमा पनि समस्या देखिएको छ । नेपालीतर्फ १४२ जना दैनिक ज्यालादारी कर्मचारीसहित केही सीमित स्थायी कर्मचारी भए पनि मुख्य प्राविधिक जिम्मेवारी भने भारतीय जनशक्तिमाथि निर्भर छ। हाल २३ जना भारतीय कर्मचारी रेल चालक, स्टेशन मास्टर र अन्य प्राविधिक भूमिकामा कार्यरत छन्, जसले खर्च बढाएको स्रोतको भनाइ छ।
महाप्रबन्धक नहुँदा 'स्टोर किपर' केवलबहादुर नेपालीले नै दैनिक सञ्चालन सम्हालिरहेका छन्। उनी भन्छन्, 'निर्णय गर्ने अधिकार नभए पनि सेवा रोक्न सकिँदैन, जसरी भए पनि सञ्चालन गर्नुपरेको छ ।' सूचना अधिकारीसमेत नहुँदा यात्रु र सरोकारवालालाई जानकारी दिन कठिन भइरहेको उनले बताए।
रेल विभागका प्रमुख हरिकुमार पोखरेलले छिट्टै नयाँ महाप्रबन्धक नियुक्त गर्ने तयारी भइरहेको जानकारी दिएका छन् । उनका अनुसार रेल सेवालाई नाफामुखी बनाउन मालवाहक (कार्गो) सेवा सञ्चालन आवश्यक छ।
स्थानीय व्यवसायीहरू पनि यात्रुवाहक सेवामात्रै पर्याप्त नभएको बताउँछन् । जनकपुरका व्यवसायी रामकुमार झाका अनुसार भारतको कोलकाता बन्दरगाह बाट सस्तो ढुवानीका लागि कार्गो रेल सेवा उपयोगी हुन सक्छ, जसले व्यापारिक गतिविधि विस्तारमा मद्दत पु¥याउँछ।
यसबीच, भौतिक पूर्वाधारको अवस्था पनि कमजोर छ । जनकपुरधामस्थित रेल्वे स्टेशनमा खानेपानी, सरसफाइ र यात्रु सुविधाको अभाव देखिन्छ । स्थानीय सन्तोष साह भन्छन्, 'रेल सेवा उपयोगी छ, तर स्टेशनको अवस्था हेर्दा सरकारी बेवास्ता स्पष्ट देखिन्छ ।'इन्धन आपूर्ति र मर्मतसम्भारमा पनि चुनौती छन् । आफ्नै फ्युलिङ स्टेशन र स्थायी वर्कसप नहुँदा भारतमै निर्भर रहनुपरेको छ । साथै, प्राविधिक जनशक्ति उत्पादनमा कमी हुँदा दीर्घकालीन सञ्चालन चुनौतीपूर्ण बनेको छ ।भविष्यमा आम्दानी बढाउन रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिने, पुरानो न्यारो गेज रेलबाट म्युजियम स्थापना गर्ने र पर्यटन प्रवद्र्धन गर्ने योजना अघि सारिएको छ । साथै, कार्गो सेवा विस्तार, प्रशासनिक सुधार र आन्तरिक चुहावट नियन्त्रण गर्न सकेमा नेपाल रेल्वे आत्मनिर्भर बन्न सक्ने सम्भावना सरोकारवालाहरूले औंल्याएका छन्।

## सरकारको भन्सार नीतिविरुद्ध सर्वोच्चमा रिट

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल–भारत सीमाबाट व्यक्तिगत प्रयोजनका लागि ल्याइने सामानमा १०० रुपैयाँभन्दा बढी मूल्यमा भन्सार लाग्ने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता गरिएको छ । अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतो, सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले उक्त व्यवस्था खारेज गर्न माग गर्दै निवेदन दिएका हुन्।
रिटमा नेपाल–चीन नाका वा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाट आउने यात्रुका लागि भन्सार छुटको सीमा फराकिलो राखिएको तर भारतसँगको खुला सीमामा अत्यन्त न्यून सीमा तोकिएको भन्दै त्यसले मधेश र तराई क्षेत्रका नागरिकमाथि असमान व्यवहार गरेको उल्लेख गरिएको छ।
निवेदकहरूको तर्क अनुसार हालको महँगीको अवस्थामा १०० रुपैयाँमा दैनिक उपभोग्य सामग्री किन्न नसकिने भएकाले यो सीमा अव्यवहारिक र अवैज्ञानिक छ । यसका कारण सीमावर्ती क्षेत्रका सर्वसाधारणले तरकारी, औषधि वा कपडाजस्ता सामान्य वस्तु ल्याउँदा समेत अनावश्यक झन्झट र हैरानी भोग्नुपरेको दाबी गरिएको छ।
रिटमार्फत अर्थ मन्त्रालयले २०८० र २०८२ मा जारी गरेको भन्सारसम्बन्धी सूचनाहरू खारेज गर्न 'उत्प्रेषण' आदेश माग गरिएको छ । साथै मुद्दाको अन्तिम टुंगो नलागेसम्म दैनिक उपभोग्य सामग्री तथा सामाजिक कार्यका लागि ल्याइने सामानमा अवरोध नगर्न अन्तरिम आदेश जारी गर्न पनि माग गरिएको छ। निवेदनमा सन् १९६० को नेपाल–भारत व्यापार सन्धिको भावना विपरीत यस्तो निर्णय आएको उल्लेख गर्दै दुई देशबीच वस्तुको सहज आवागमनमा अवरोध सिर्जना भएको तर्क गरिएको छ । विपक्षीका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र भन्सार विभाग लाई राखिएको छ।
रिट निवेदकहरूले उक्त निर्णयले नेपालको संविधानले सुनिश्चित गरेको समानता, स्वतन्त्रता र मौलिक अधिकारमाथि प्रत्यक्ष असर पारेको जिकिर गरेका छन् । अब प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतले सरकारसँग स्पष्टीकरण माग गर्ने वा अन्तरिम आदेश दिने विषयमा निर्णय गर्नेछ।

## रौतहट वन कार्यालयको
## अनियमिततामा प्रदेश सरकार मौन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
चुरे तथा वनजङ्गल संरक्षण अभियानले रौतहट डिभिजन वन कार्यालयमा देखिएको कथित अनियमितताामाथि मधेश प्रदेश सरकारको मौनता प्रति असन्तुष्टि जनाउँदै नेपाली कांग्रेसका सभापति गगन कुमार थापालाई खुला पत्रमार्फत हस्तक्षेपको आग्रह गरेको छ।
अभियानका अध्यक्ष सुनिल कुमार यादवले सार्वजनिक गरेको पत्रमा मधेश प्रदेश सरकारको भूमिकामाथि गम्भीर प्रश्न उठाइएको छ । विशेषगरी मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरीले यस विषयमा चासो नदेखाएको आरोप लगाइएको छ । दुवै नेता नेपाली कांग्रेससँग सम्बन्धित भएकाले पार्टी नेतृत्वबाट हस्तक्षेप अपेक्षा गरिएको अभियानको भनाइ छ।
खुला पत्रमा रौतहट डिभिजन वन कार्यालयका डीएफओ हेमन्त साहमाथि विगतदेखि नै भ्रष्टाचारसँग जोडिएका आरोप रहेको उल्लेख छ । महोत्तरीमा कार्यरत रहँदा उनीमाथि सरकारी वनको दुरुपयोग गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको र मुद्दा अदालतमा विचाराधीन रहेको दाबी गरिएको छ। हाल रौतहटमा सरुवा भएपछि पनि साहको संलग्नतामा वन क्षेत्र दोहन र अनियमितता भइरहेको आरोप अभियानले दोहोर्याएको छ । काठ आपूर्ति प्रक्रियामा मिलेमतो, कम मूल्यमा लिलाम गरी कमिसन लिएको, सामुदायिक वनको बजेट दुरुपयोग, अवैध कटानी, प्रमाण नष्ट गर्न आगजनी जस्ता गम्भीर विषयहरू पत्रमा समेटिएका छन्।
त्यस्तै, नुनथर क्षेत्रमा नियमविपरीत संरचना निर्माणमा आर्थिक लेनदेन, काठ तस्करी, अवैध कटानी तथा सरुवा प्रक्रियामै अनियमितता भएको आरोप पनि लगाइएको छ । अभियानले वन मन्त्रालयको भूमिकामाथि समेत शंका व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरेको छ।
अभियानले स्थलगत अनुगमन, अडिट रिपोर्ट परीक्षण, बैंक विवरण जाँच तथा संलग्न कर्मचारीमाथि कारबाही गर्न सरकारसँग माग गरेको छ । साथै डीएफओ साहलाई तत्काल फिर्ता बोलाएर उच्चस्तरीय छानबिन गर्नुपर्ने चेतावनी दिइएको छ, अन्यथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता गर्ने तयारी रहेको बताइएको छ।
चुरे क्षेत्रमा ढुंगा–गिट्टी उत्खनन र क्रसर सञ्चालनमार्फत भइरहेको दोहनमा राजनीतिक संरक्षण रहेको संकेत गर्दै अभियानले सरकारको ध्यानाकर्षण गराएको छ। छानबिन प्रक्रिया अघि नबढे थप आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने चेतावनी समेत दिइएको छ।

## अस्थायी बाँध बग्दा कमलामा
## आवतजावत अवरुद्ध



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहा र धनुषा जोड्ने निर्माणाधीन कमला नदी पुल नजिकैको अस्थायी बाँध बाढीले बगाएपछि केही समयका लागि यातायात पूर्ण रूपमा प्रभावित भएको छ। पुलको डाइभर्सन क्षेत्रभन्दा करिब ३०० मिटर अगाडि रहेको माटोको बाँध भत्किँदा सडक सम्पर्क अवरुद्ध बनेको हो।
स्थानीयका अनुसार बाँध भत्किएसँगै सयौं सवारीसाधन बीच बाटोमै रोकिएका थिए । पछि

बाँकी पृष्ठ २ मा

## साना उद्यमीको रोजाइ बन्दै इनड्राइभ.कुरियर्स

inDrive couriers

काठमाडौं, नेपालः इनड्राइभले नेपाली नयाँ वर्षको अवधिमा आफ्नो डेलिभरी सेवा इनड्राइभ.कुरियर्स प्रति उल्लेखनीय रूपमा माग बढेको जनाएको छ। विशेषगरी साना तथा मध्यम व्यवसायहरूले यस वृद्धिमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

इनड्राइभ.कुरियर्स एक अन–डिमान्ड डेलिभरी सेवा हो, जसले व्यक्तिहरू र व्यवसायहरूलाई छिटो, भरपर्दो र पारदर्शी रूपमा सामान पठाउन कुरियर सेवासाग जोड्छ। यस सेवामार्फत ग्राहक र कुरियरबीच सिधै सहमतिमा उचित भाडा निर्धारण गरी शहरभित्र पार्सल पठाउन सकिन्छ । औसतमा, कुरियरहरू ५–६ मिनेटमै पिकअप स्थानमा पुग्छन् भने ४० सेकेन्डभन्दा कम समयमा अर्डर मिलान हुन्छ। औसत डेलिभरी दूरी करिब ६ किलोमिटर रहेको छ।

इनड्राइभको आन्तरिक तथ्यांकअनुसार, सन् २०२५ को नेपाली नयाँ वर्षको अवधिमा डेलिभरी अर्डर संख्या अघिल्लो वर्षको तुलनामा २००% भन्दा बढीले बढेको थियो। साथै, कुल प्रयोगकर्ता संख्या र साना तथा मध्यम व्यवसाय (SMB) साझेदारहरू, जसमा स्थानीय पसल, अनलाइन विक्रेता र घरबाट सञ्चालन हुने व्यवसायहरू समावेश छन्, दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ। अघिल्लो वर्षको तुलनामा सक्रिय व्यवसाय प्रयोगकर्ताको संख्या २.६ गुणाले बढेको छ, जसले साना व्यवसायहरूमा डेलिभरी सेवाको प्रयोग तीव्र रूपमा बढिरहेको संकेत गर्दछ। यस अवधिमा प्रयोगकर्ताहरूले कपडा, दैनिक उपभोग्य सामग्री, खाना, स्पेयर पाट्र्सदेखि लिएर बाकस तथा अन्य पार्सलसम्म विभिन्न सामान पठाउन प्लेटफर्म प्रयोग गरेका थिए।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटिभ रिता पोखरेलले भन्नुभयो, "नेपाली नयाँ वर्ष साना व्यवसायहरूका लागि अत्यन्त महत्वपूर्ण समय हो, जहाँ उनीहरूको वार्षिक बिक्रीको ठूलो हिस्सा यसै अवधिमा हुने गर्छ। हामीले थप उद्यमीहरूले छिटो र उचित सर्तमा आफ्ना ग्राहकसम्म पुग्न इनड्राइभ.कुरियर्समा निर्भर हुँदै गएको देखिरहेका छौं।"

अर्डर संख्यामा काठमाडौंले अग्रणी भूमिका खेलेको छ, जहाँ वर्ष–दर–वर्ष उल्लेखनीय वृद्धि देखिएको छ। साथै पोखरा र भरतपुरजस्ता शहरहरूमा पनि स्थिर विस्तार भइरहेको छ। यसले नेपालमा डेलिभरी सेवाको क्षेत्रमा इनड्राइभको सुदृढ उपस्थिति र नेपाली नयाँ वर्षजस्ता व्यस्त समयमा यसको बढ्दो महत्वलाई देखाउँछ।

इनड्राइभ.कुरियर्सले नेपालका साना व्यवसायहरूका लागि भरपर्दो डेलिभरी समाधानका रूपमा आफ्नो स्थान अझ सुदृढ बनाउँदै आएको छ। यसले लचिलो मूल्य निर्धारण प्रणालीमार्फत ग्राहक र कुरियरबीच उचित सहमति कायम गर्न सहयोग पुऱ्याउँछ।

मौसमी माग हरेक वर्ष बढ्दै जाँदा, इनड्राइभ नेपालभर डेलिभरी सेवा अझ सुलभ बनाउदै स्थानीय उद्यमीहरूलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतामा निरन्तर अग्रसर रहने बताएको छ।

# पर्सामा २४ भारतीय 'इलेक्ट्रिक स्कुटर' नियन्त्रणमा

**वीरगंज।**
यहाँ जिल्लाका सहरी तथा ग्रामीण क्षेत्रबाट भन्सार छली गेरर भित्र्याइएका २४ थान भारतीय इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिइएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता हरिबहादुर बस्नेतले वीरगंजको सीमावर्ती बजार रक्सौलबाट भन्सार छली गेरर नेपाल भित्र्याएर अनधिकृत रूपमा चलाइरहेका करिब रू १९



लाख २० हजार मूल्य पर्ने २४ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएर वीरगञ्ज भन्सारमा बुझाइएको जानकारी दिए।

'यहाँ अनधिकृत रूपमा चलाउँदै आइरहेका भारतीय स्कुटरलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेका छौं', उनले भने। प्रहरीले गत शनिबार अवैध रूपमा वीरगंजमा चलाउँदै आएका सात वटा भारतीय स्कुटर नियन्त्रणमा लिएर वीरगंज भन्सारमा बुझाएको प्रवक्ता बस्नेतले जानकारी दिए।

यस्तै, सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साले गत वैशाख ११ गते २२ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको थियो। रासस

"नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

**गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी सात दिने अत्यन्त जरुरी सूचना**

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

तपसिल

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २१९ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| बनकटवा ०५,पर्सा | ७२ | ०-१२-०-० |
| बनकटवा ०६,पर्सा | ६१६ | ०-७-११-८ |
| वीरगंज १५ ,पर्सा | २२०<br>२०० | ०००८०.८०<br>०००८८.५० |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६७१ | ००९०१.८४ |
| मुडली नौ.त.ज. ०७, पर्सा | ६३९ | ००८३७.०० |
| हरिहरपुर ०१ ,पर्सा | ३७७ | २५७०.०० |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ बैशाख २९ गते बुधवार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ बैशाख ३० गते बिहिबार दिउँसो ४:०० बजे देखि**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।

# सञ्चारमन्त्रीसँग चिनियाँ राजदूतको भेटवार्ता

**काठमाडौं।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनासँग नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले सोमबार शिष्टाचार भेटवार्ता गरेका छन् । भेटवार्तामा नेपाल–चीन सम्बन्ध, आपसी हित तथा द्विपक्षीय सहकार्यबारे छलफल भएको सञ्चारमन्त्रीको सचिवालयले जनाएको छ।

भेटका क्रममा राजदूत झाङ माओमिङले नेपालमा नयाँ सरकार गठन भएकोमा बधाई दिँदै दुई छिमेकी राष्ट्रबीच विद्यमान मित्रतालाई आगामी दिनमा अझ प्रगाढ र मजबुत बनाउन विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने धारणा राखे । उनले नेपालमा राजनीतिक परिवर्तनपछि स्थायी र बलियो सरकार बनेकाले आर्थिक तथा सामाजिक विकासका लागि अभूतपूर्व अवसर सिर्जना भएको उल्लेख गर्दै त्यस किसिमको रूपान्तरणमा चीन सहकार्य गर्न इच्छुक रहेको बताए।

राजदूत झाङले चीनले प्रविधिमा आधारित गुणस्तरीय उत्पादनमुखी नीति अवलम्बन गरिरहेको जानकारी दिँदै कृत्रिम बौद्धिकता तथा नवीनतम् सूचना प्रविधिका क्षेत्रमा प्राथमिकता दिइएको बताए। नेपालले पनि यस्ता उन्नत प्रविधिका क्षेत्रमा चीनसँग सहकार्य गर्न सक्ने सम्भावनाबारे उनले अवगत गराए । साथै, चिनियाँ लगानीमा नेपालमा सञ्चालन भइरहेका विभिन्न कम्पनीका लागि सहज र अनुकूल वातावरण बन्ने अपेक्षा उनले व्यक्त गरे।

सो अवसरमा सञ्चारमन्त्री डा बिक्रम तिमिल्सिनाले नेपालले चीनसँगको निरन्तर सहकार्य, पारस्परिक हित र विकास साझेदारीलाई सधैँ प्राथमिकतामा राख्दै आएको बताए।

उनले कनेक्टिभिटी पूर्वाधार निर्माण, डिजिटल पूर्वाधार विस्तार तथा सूचना प्रविधिमा आधारित क्षेत्रमा दुवै देशबीच सहकार्यको पर्याप्त सम्भावना रहेको उल्लेख गरे।

मन्त्री तिमिल्सिनाले नेपाल सरकारले प्रविधिमा आधारित सुशासनमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राखेको स्पष्ट पार्दै सूचना प्रविधि, साइबर सुरक्षा, दूरसञ्चार तथा डिजिटल सेवा विस्तारका क्षेत्रमा थप काम गर्ने बताए । पछिल्लो समय राज्य संयन्त्रलाई डिजिटल माध्यमबाट प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने नीति सरकारको प्राथमिकतामा रहेको पनि उनले उल्लेख गरे।

चिनियाँ लगानीका कम्पनीहरूले नेपालमा काम गर्ने क्रममा केही समस्या भोग्नुपरेको भए त्यसको समाधानका लागि सरकार सदैव तयार रहेको स्पष्ट पार्दै मन्त्री तिमिल्सिनाले नेपाल–चीनबीचको ऐतिहासिक सम्बन्धलाई दुवै देशको आपसी हितका लागि अझ प्रगाढ बनाउन पहल आवश्यक रहेको बताए। रासस

## इनड्राइभको नयाँ वर्ष अफरः
# जति राइड, त्यति उपहार जित्ने मौका




मधेशदृष्टि
जनकपुरधाम ।
विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले नेपाली नयाँ वर्ष २०८३ को अवसरमा विशेष 'राइड मोर, विन मोर !' क्याम्पेन सार्वजनिक गरेको छ । यस अभियानमार्फत इनड्राइभ एप प्रयोग गरेर राइड गर्ने प्रयोगकर्ताहरूलाई आकर्षक पुरस्कार जित्ने अवसर प्रदान गरिने भएको छ ।

नयाँ वर्षको अवसरमा परिवार तथा साथीभाइसँगको आवतजावत बढ्ने भएकाले यात्रालाई अझ रोमाञ्चक र लाभदायक बनाउन यो क्याम्पेन ल्याइएको कम्पनीले जनाएको छ । क्याम्पेन २०२६ अप्रिल १४ देखि मे ४ सम्म सञ्चालन हुनेछ ।

यस अभियान अन्तर्गत प्रत्येक राइड बराबर एक लक्की–ड्र टिकट प्राप्त हुनेछ । जति धेरै राइड गरिन्छ, त्यति नै धेरै जित्ने अवसर बढ्नेछ । मेगा गिभअवेमा सहभागी हुन राइड पूरा गरेपछि प्रयोगकर्ताले खल्ती एपमार्फत कम्तीमा दुई वटा कारोबार गर्नुपर्ने व्यवस्था गरिएको छ, जसले प्रयोगकर्तालाई थप लाभ प्रदान गर्नेछ ।

क्याम्पेनमा आकर्षक पुरस्कारहरू राखिएका छन् । जसअन्तर्गत १० वटा अनर एक्स ७ डी स्मार्टफोन मेगा गिभअवेमार्फत वितरण गरिनेछ । त्यस्तै, १,००० जनाले अधिकतम रु ५० सम्मको १५ प्रतिशत क्यासब्याक पाउनेछन् भने १,००० जनालाई रु २०० क्यासब्याकसहित एयरलाइन प्रोमो कोड प्रदान गरिनेछ । साथै, १०० जना प्रयोगकर्तालाई खल्ती प्रो मा अपग्रेड गर्ने सुविधा पनि राखिएको छ ।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटिभ रीता पोखरेलका अनुसार कम्पनीले प्रयोगकर्तालाई चालक छनोटको स्वतन्त्रता र उचित भाडा निर्धारणको अवसर दिँदै आएको छ । उनले 'राइड मोर, विन मोर !' अभियानमार्फत प्रयोगकर्ताप्रति आभार प्रकट गर्दै अझ धेरैलाई इनड्राइभ सेवासँग जोड्ने उद्देश्य रहेको बताइन् ।

त्यस्तै, खल्तीका चिफ ग्रोथ अफिसर सञ्जीव चन्द्र न्यौपानेले इनड्राइभसँगको सहकार्यले डिजिटल भुक्तानीलाई दैनिक यात्रासँग जोड्दै यात्रालाई अझ सहज र सुरक्षित बनाउने विश्वास व्यक्त गरे ।

उनका अनुसार चाडपर्वको समयमा यो अभियानले प्रयोगकर्तालाई थप सुविधा र सहजता प्रदान गर्नेछ ।

यो क्याम्पेन नेपालभरका सबै इनड्राइभ प्रयोगकर्ताका लागि खुला रहेको छ। सहभागी हुन प्रयोगकर्ताले क्याम्पेन अवधिभर इनड्राइभ एपमार्फत राइड बुक गर्नु मात्र पर्याप्त हुनेछ । लक्की–ड्र हरेक हप्ता आयोजना गरिनेछ र विजेताहरू इनड्राइभका आधिकारिक सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम र टिकटकमार्फत सार्वजनिक गरिनेछन् ।

कम्पनीले प्रयोगकर्तालाई थप जानकारीका लागि इनड्राइभ नेपालका आधिकारिक सामाजिक सञ्जालहरूमा अपडेट हेर्न आग्रह गरेको छ ।

# अस्थायी बाँध बग्दा कमलामा...

स्थानीयको सहयोगमा यात्रु र सवारी सुरक्षित रूपमा पार गराइएको थियो । घटनाले दैनिक आवतजावतमा निर्भर स्थानीय बासिन्दा र यात्रुहरूलाई ठूलो समस्या भएको देखिएको छ।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले अविरल वर्षा र बाढीका कारण अस्थायी संरचना क्षतिग्रस्त भएको जानकारी दिए।

उनका अनुसार निर्माण व्यवसायीले तत्काल डोजर प्रयोग गरी माटो थपेर बाँध पुनः सञ्चालनमा ल्याएको छ । तर, यस्तो अस्थायी समाधान दीर्घकालीन रूपमा सुरक्षित नभएकाले स्थायी उपायको खोजी भइरहेको उनले बताए।

यस विषयमा समाधान निकाल्न जिल्ला प्रशासन कार्यालयमा सरोकारवालासहित बैठक बसेको छ । बैठकमा सिरहा क्षेत्र नं. १ का बब्लु गुप्ता, क्षेत्र नं. २ का शिवकुमार यादव र क्षेत्र नं. ३ का डा. शम्भु कुमार यादव सहभागी भएका थिए। निष्कर्षपछि मात्र थप निर्णय सार्वजनिक गरिने जनाइएको छ।

उल्लेखनीय छ कि करिब १४ वर्षअघि ठेक्का सम्झौता भएको यो पुल अझै सम्पन्न हुन सकेको छैन।

हुलाकी राजमार्ग अन्तर्गत पर्ने पुल निर्माणका लागि २०६८ सालमा पप्पु–लुम्बिनी जेभीसँग सम्झौता गरिएको थियो । २०७१ मै सकिनुपर्ने योजना भए पनि हालसम्म सात पटक म्याद थप भइसकेको छ।

२०७८ सालमा आएको बाढीले पुलका संरचनामा क्षति पु¥याएपछि निर्माण कार्य झनै प्रभावित भएको थियो । अहिले केही भाग हटाएर पुनः निर्माण प्रक्रिया अघि बढाइएको छ । हालसम्म करिब २० करोड रुपैयाँ खर्च भइसकेको र बाँकी काम लुम्बिनी कम्पनीले गरिरहेको जनाइएको छ।

दीर्घकालीन समाधान नहुँदासम्म प्रत्येक वर्ष बाढीको समयमा यस क्षेत्रका बासिन्दाले समस्या झेल्नुपर्ने अवस्था दोहोरिने देखिएको छ।

# सर्वोच्चमा मुद्दा,...

महानगरपालिकाले सडक विस्तारलाई व्यवस्थित बनाउन अर्को महत्वपूर्ण कदम अघि सारेको छ । त्रिभुवन राजपथको मापदण्डअनुसार सडकको आधिकारिक केन्द्रविन्दु निर्धारण गर्ने काम मंगलबारदेखि सुरु हुने भएको छ । सोमबार महानगर प्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको सरोकारवालाहरूको संयुक्त बैठकले सडकको वास्तविक केन्द्र पहिचान गरी सो स्थानमा स्टिलका किल्ला गाड्ने निर्णय गरेको हो।

बैठकमा जिल्ला प्रशासन कार्यालय, सडक डिभिजन कार्यालय हेटौँडा र नापी कार्यालय पर्साका प्रतिनिधिहरूको सहभागिता थियो । हालसम्म सडक विस्तारका क्रममा केही संरचना हटाइएपनि सडकको केन्द्र कहाँ पर्छ भन्ने स्पष्ट नभएकाले स्थानीयमा अन्योलता देखिएको थियो । विशेषगरी 'कति दूरीसम्म संरचना हटाउनुपर्ने हो' भन्ने प्रश्नले विवादलाई थप जटिल बनाएको थियो । अब आधिकारिक नक्साअनुसार केन्द्रविन्दु निर्धारण हुने भएपछि यस्तो अन्योल अन्त्य हुने अपेक्षा गरिएको छ । सडक डिभिजन कार्यालय हेटौँडाका इन्जिनियर भोला प्रसाद साहका अनुसार भोलि बिहानदेखि नै प्राविधिक टोलीले औपचारिक नापजाँच सुरु गर्नेछ । यस कार्यका लागि सडक डिभिजन कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र वीरगंज महानगरपालिकाको संयुक्त कार्यदल गठन गरिएको छ । उक्त टोलीले नापजाँचदेखि कार्यान्वयनसम्म सबै चरणमा समन्वय गरेर काम गर्नेछ । केन्द्रविन्दु निर्धारणपछि दायाँ–बायाँ बराबर दूरी कायम गर्दै सडकको चौडाइ सुनिश्चित गर्ने प्रक्रिया अघि बढाइनेछ, जसले विस्तार कार्यलाई थप पारदर्शी र मापदण्डअनुकूल बनाउने अपेक्षा गरिएको छ।

तर सडक विस्तारको यो अभियानले स्थानीय अर्थतन्त्रमा गम्भीर असर पारिरहेको छ । व्यवसायीहरूका अनुसार त्रिभुवन राजपथ क्षेत्रका करिब ३,००० व्यवसाय प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने झण्डै ९,००० जनाको रोजगारी संकटमा परेको छ । वर्षौंदेखि सञ्चालनमा रहेका पसल तथा साना व्यवसायहरू संरचना भत्काइएपछि बन्द हुन बाध्य भएका छन् । कतिपय व्यवसायीहरू अस्थायी संरचनामा व्यापार चलाउने प्रयासमा छन् भने धेरैजसो वैकल्पिक स्थानको खोजीमा छन्।

प्रभावित व्यवसायीहरूले पर्याप्त मुआब्जा र पूर्वतयारी बिना संरचना भत्काउनु अन्यायपूर्ण भएको भन्दै सरकारप्रति आक्रोश व्यक्त गरेका छन् । उनीहरूले आफ्नो जीविकोपार्जनको आधार नै गुमेको भन्दै क्षतिपूर्ति र पुनःस्थापनाको स्पष्ट व्यवस्था गर्न माग गरेका छन् । यता जिल्ला प्रशासन कार्यालय पर्साले भने भत्काइएका संरचनामा पुनः व्यवसाय सञ्चालन नगर्न चेतावनी दिएको छ।

एकातिर सर्वोच्च अदालतमा कानुनी लडाइँ तीव्र बन्दै गएको छ भने अर्कोतर्फ प्रशासन र स्थानीय तहले सडक विस्तारको प्राविधिक प्रक्रिया अघि बढाइरहेका छन् । यसले वीरगंजको मुख्य सडक विस्तारलाई केवल पूर्वाधार परियोजना मात्र नभई गम्भीर सामाजिक, आर्थिक र कानुनी विवादको केन्द्रमा पुऱ्याएको छ।

# रौतहटमा सशस्त्र प्रहरीको १९औँ स्थापना दिवस, सुरक्षा सुदृढीकरणमा जोड



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर–११ गण हेडक्वार्टरले आफ्नो १९औँ स्थापना दिवस विभिन्न कार्यक्रमसहित उत्साहपूर्वक मनाएको छ।
राजदेवी नगरपालिका–२ हजमिनियामा आयोजित समारोहमा सुरक्षा निकाय, प्रशासन, जनप्रतिनिधि तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति देखिएको थियो।
कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश प्रमुख डीआईजी कृष्ण ढकालले केक काटेर औपचारिक उद्घाटन गरेका थिए। उनले आफ्नो मन्तव्यमा सशस्त्र प्रहरीले राष्ट्रिय सुरक्षा, सीमा व्यवस्थापन, विपद् नियन्त्रण र शान्ति स्थापनामा महत्वपूर्ण योगदान पु¥याउँदै आएको उल्लेख गरे।
उनले खुला सीमाबाट हुने चोरी, तस्करी, अवैध ओसारपसार तथा मानव बेचबिखन नियन्त्रणमा अझ प्रभावकारी रूपमा परिचालन हुनुपर्ने आवश्यकता औँल्याए । साथै, प्रविधिमैत्री सुरक्षा प्रणाली विकास गर्नुपर्ने र संगठनभित्र अनुशासन, इमान्दारिता र जिम्मेवारीलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरे।
समारोहमा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले पनि सशस्त्र प्रहरीको भूमिकाको प्रशंसा गर्दै सीमा सुरक्षालाई थप मजबुत बनाउन प्रशासन र सुरक्षा निकायबीच समन्वय अपरिहार्य रहेको बताए।
कार्यक्रमका क्रममा खेलकुद तथा कार्यसम्पादनमा उत्कृष्ट देखिएका प्रहरी कर्मचारीहरूलाई नगद, प्रमाणपत्र र सम्मानपत्र प्रदान गरिएको थियो । डीआईजी ढकाल, सीडीओ भुसाल लगायतका अधिकारीहरूले उनीहरूलाई सम्मान गर्दै योगदानको कदर गरेका थिए।
उक्त समारोहमा सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी, जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी सीताराम रिजाल, नेपाली सेनाका प्रतिनिधि, सरकारी निकायका प्रमुख, सञ्चारकर्मी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो।
कार्यक्रममा संगठनको स्थापना, उपलब्धि र आगामी योजनाबारे जानकारी दिइएको थियो। २०६४ सालमा स्थापना भएको सशस्त्र प्रहरी बल नेपालले हालसम्म सीमा सुरक्षा, दंगा नियन्त्रण, विपद् व्यवस्थापन र संवेदनशील संरचनाको सुरक्षामा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ।

# दिल्लीमा 'मलंगिया महोत्सव', एउटै नाटककारका ३५ कृति मञ्चन गर्दै विश्व कीर्तिमान




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
भारतको नयाँ दिल्लीस्थित मलंगिया फाउन्डेसनको आयोजनामा 'मलंगिया महोत्सव' भव्य रूपमा सम्पन्न भएको छ । अप्रिल २४ देखि २८ सम्म पाँच दिन चलेको यस महोत्सवमा मैथिली साहित्यका प्रतिष्ठित नाटककार महेन्द्र मलंगियाका ३५ वटा नाटक मञ्चन गरिएको थियो ।
एउटै नाटककारका यति धेरै कृति एउटै स्थानमा मञ्चन गरिएको यो कार्यक्रमले गिनिज वल्र्ड रेकर्ड मा समेत स्थान बनाएको आयोजकले जनाएको छ । नेपाल र भारतका ३५ नाट्य संस्था तथा ३५ निर्देशकको सहभागितामा ती नाटकहरू प्रस्तुत गरिएका थिए ।
धनुषाको बभनगामास्थित कण्टीर झा माध्यमिक विद्यालयमा करिब ३० वर्ष अध्यापन गरेका मलंगियाले आफ्ना अधिकांश नाटक नेपालमै लेखेका हुन् । मैथिली रंगमञ्चमा उनले दिएको योगदानलाई महोत्सवमार्फत विशेष रूपमा सम्मान गरिएको थियो ।
महोत्सवमा नेपालबाट पनि सक्रिय सहभागिता रहेको थियो । जनकपुरधामको मिथिला नाट्यकला परिषद र मैथिली विकास कोषका साथै काठमाडौंबाट निर्देशक राम भजन कामतको निर्देशनमा तीन वटा नाटक मञ्चन गरिएको थियो ।
मलंगियाले 'ओकरा आँगनक बारहमासा', 'पुस जाड कि माघ जाड', 'ओरिजनल काम', 'काठक लोक', 'एक कमल नोरमे', 'नसबन्दी' लगायत झण्डै सात दर्जन मैथिली नाटक लेखिसकेका छन्, जसले मैथिली भाषा र रंगमञ्चको समृद्धिमा महत्वपूर्ण योगदान पु¥याएको छ ।

# जनकपुरमा उज्यालो नेपाल पार्टी बैठक, 'जेनजी फ्रन्ट लाइन' अभियान सुरु हुने



मधेशदृष्टि
जनकपुरधाम।
उज्यालो नेपाल पार्टी, मधेश प्रदेश समितिको बैठक आइतबार जनकपुरमा सम्पन्न भएको छ । रामकिशोर सिंहको अध्यक्षतामा बसेको उक्त बैठकमा पार्टीका केन्द्रीय सदस्य धनबहादुर मइचन र प्रदेश इन्चार्ज विनय प्राबीण विशेष अतिथिका रूपमा सहभागी भएका थिए।
बैठकमा प्रदेशभरका पदाधिकारी तथा जिल्ला संयोजकहरूको सक्रिय उपस्थिति रहेको थियो । सहभागीहरूले मधेश प्रदेशमा पार्टी संगठनलाई अझ सुदृढ बनाउँदै विस्तार गर्ने विषयमा विस्तृत छलफल गरेका थिए।
संगठनात्मक निर्णयअन्तर्गत आगामी जेष्ठ १५ गतेभित्र सबै जिल्लामा भेला सम्पन्न गर्ने, सदस्यता अभियानलाई तीव्र बनाउने र पार्टी संरचनालाई तल्लो तहसम्म मजबुत बनाउने निर्णय गरिएको छ । यसका साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा केन्द्रित गर्दै निःशुल्क शिविर सञ्चालन गर्ने सामाजिक कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने निष्कर्ष पनि बैठकले निकालेको छ।
यस्तै, युवालाई केन्द्रमा राखेर 'उज्यालो जेनजी फ्रन्ट लाइन' अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । उक्त अभियानमार्फत नयाँ पुस्तालाई संगठनमा सक्रिय रूपमा जोड्ने लक्ष्य राखिएको छ । सो अभियानको संयोजकमा रन्जित साहलाई मनोनयन गरिएको जानकारी दिइएको छ।
उज्यालो नेपाल पार्टी मधेश प्रदेश समितिले यी निर्णयहरू मार्फत संगठन विस्तार, सामाजिक उत्तरदायित्व र जनसेवामूलक गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

# चट्याङ लागेर महिलाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको मिर्चैया नगरपालिका–९ भगवानपुर टोलमा चट्याङ लाग्दा एक महिलाको मृत्यु भएको छ भने उनका श्रीमान् घाइते भएका छन्।
गएराति करिब साढे १० बजे परेको चट्याङले करिब ३० वर्षीया रंजितादेवी सदाको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ । चट्याङ लागे पनि उनको शरीरमा बाहिरी चोटपटक भने देखिएको छैन । घटनामा उनका श्रीमान् ३५ वर्षीय मिथिलेश सदा घाइते भएका छन्।
उनको स्थानीय मेडिकलमा उपचार भइरहेको छ र अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले घटनाबारे मृतकका माइती पक्षलाई जानकारी गराइसकेको जनाएको छ।

# बँदेलको आक्रमणबाट एकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**
जङ्गली बँदेलको आक्रमणबाट सर्लाहीको लालबन्दीमा एक पुरुषको मृत्यु भएको छ । लालबन्दी नगरपालिका–१५ पिडखोल्सा बस्ने ३२ वर्षका प्रेमबहादुर थिङ(दावा)को आक्रमणबाट मृत्यु भएको हो।
बँदेलको आक्रमणबाट घाइते भएका थिङको उपचारका लागि महेन्द्र राजमार्गस्थित लालबन्दी लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए।
प्रहरी टोलीले मध्यराति नै घटना स्थलको मुचुल्का तयार गरी शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा पु¥याएको छ।

# सामान्य वर्षामै जलमग्न भएपछि सिरहाका बासिन्दा चिन्तित



**मधेशद्दष्टि**
**सिरहा ।**
करोडौ रकम खर्चिएर नाला बनाएको ठाउँ सामान्य वर्षामा नै जलमग्न भए पछि सिरहाका बासिन्दा चिन्तीत बनेका छन् । सिरहा नगरपालिका–२ अन्तर्गत लक्ष्मीचोक क्षेत्र हिजो साँझको पानीले जलमग्न भएको हो । सडकमै पानी जम्दा केही समय सवारी आवागमनसमेत अवरुद्ध भएको थियो । जल तथा मौसम विज्ञान विभागका अनुसार २४ घण्टामा करिब २९.२ मिलिमिटर मात्र वर्षा भए पनि निकास नहुँदा समस्या बढेको हो । पानी निकासको उचित व्यवस्था नभएपछि स्थानीयले आफैं अस्थायी रूपमा नाला बनाएर पानी हटाउन प्रयास गरेका थिए । वडा अध्यक्ष राकेश यादवले समस्या समाधानका लागि पटक–पटक जानकारी गराउँदा पनि सम्बन्धित निकायबाट बेवास्ता भएको गुनासो गरेकाछन् । सडक डिभिजन कार्यालय लहानका इन्जिनियर अस्विन यादवका अनुसार नालाको सतह सडकभन्दा उँचो भएको कारण पानी नालामा नगइ सडकमा जमेको हो । उक्त क्षेत्रमा करिब ८ करोड रुपैयाँ खर्चेर नाला निर्माण गरिएको थियो । नाला गलत तरिकाले बनेपछि समस्या झन् बढेको स्थानीयको भनाई छ । उनीहरूले तत्काल सुधार र दीर्घकालीन समाधानको माग गरेका छन् ।

# अपहरण तथा क.ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले अपहरण तथा कर्तव्य ज्यान मुद्दामा २५ वर्ष कैद सजाय तोकिएका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय श्रीपुर, पर्साबाट खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका वडा नं. २४ रामगढवामा लुकिछिपी बसिरहेको अवस्थामा उनलाई नियन्त्रणमा लिएको हो।
पक्राउ पर्नेमा भारतको बिहार राज्य, बेतिया जिल्ला, बगाहा थाना घर भएका ३० वर्षीय बिकाश शर्मा रहेका छन् । शर्मा जेनजी" आन्दोलनका क्रममा २०८२ भदौ २४ गते केन्द्रीय कारागार जगन्नाथदेवल, काठमाडौँबाट फरार भएका थिए।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार, पक्राउ परेका शर्मालाई आवश्यक कारबाहीका लागि सम्बन्धित कारागार कार्यालयमा बुझाउने प्रक्रिया भइरहेको छ।

# डिभिजन कार्यालय रौतहटमा देखिएको अनियमितताबारे थापाको हस्तक्षेप



**मधेशदृष्टि**
**रौतहट।**
चुरे तथा वनजङ्गल संरक्षण अभियानले रौतहट डिभिजन वन कार्यालयमा देखिएको अनियमितताबारे हस्तक्षेप गर्न आग्रह गर्दै नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई खुला पत्र सार्वजनिक गरेको छ।
अभियानका अध्यक्ष सुनिल कुमार यादवले पठाएको पत्रमा मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले मौनता अपनाएको आरोप लगाइएको छ । पत्रमा रौतहट डिभिजन वन कार्यालयका डिभिजन वन अधिकृत (डीएफओ) हेमन्त साहमाथि विभिन्न अनियमितता र भ्रष्टाचारका गम्भीर आरोप लगाइएको छ।
यसअघि महोत्तरीमा कार्यरत रहँदा समेत उनीमाथि भ्रष्टाचारसम्बन्धी अनुसन्धान भएको दाबी गरिएको छ । अभियानका अनुसार काठ लिलाममा मिलेमतो, सामुदायिक वन बजेट दुरुपयोग, अवैध कटानी, प्रमाण नष्ट गर्न आगजनी, संरचना निर्माणमा आर्थिक लाभ लिने जस्ता गतिविधिमा संलग्नता देखिएको आरोप छ । त्यसैगरी वन क्षेत्र दोहन, काठ तस्करी र सरुवा प्रक्रियामा समेत अनियमितता भएको दाबी गर्दै तत्काल उच्चस्तरीय छानबिन गर्न माग गरिएको छ।

# सशस्त्र प्रहरी हवल्दार यादवको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको बोदेबर्साईन नगरपालिका–५ मा रहेको सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी हवल्दार जितेन्द्र कुमार यादवको मृत्यु भएको छ।
यादव राति करिब ३ बजेतिर शौचालय जाँदा लडेर गम्भीर घाइते भएका थिए।
उनलाई तत्काल उपचारका लागि अस्पताल पु¥याइए पनि चिकित्सकले मृत घोषणा गरेको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण सप्तरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकीले जानकारी दिएका छन्।
मृतक यादवमा उच्चरक्तचापको समस्या रहेको सशस्त्र प्रहरीले जनाएको छ । मृतक यादव बारा जिल्लाको पचरौता नगरपालिका–८ का स्थायी बासिन्दा हुन् । घटनाबारे थप अनुसन्धान भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

# हावाहुरी र असिनापानीले घर तथा सम्पत्तिमा क्षति



**मधेशद्दष्टि**
**कलैया ।**
बाराको कलैया उपमहानगरपालिका–१० नीलकण्ठवामा गएराति आएको हावाहुरीसहितको असिना पानीले स्थानीयवासीको घर तथा सम्पत्तिमा क्षति पु¥याएको छ ।
हावाहुरीका कारण स्थानीय युनिष मियाँ अन्सारीको अर्धपक्की घरको छानो उड्दा करिब १ लाख रुपैयाँ बराबरको जस्ता नष्ट भएको छ । साथै, घरमा राखिएको धान, गहुँलगायत अन्नबाली भिजेर करिब २ लाख रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ ।
त्यस्तै, हालै सञ्चालनमा आएको भिजन एचिभर इन्स्टिच्युटको फुसको घर र छानो उड्दा करिब ५० हजार रुपैयाँ बराबरको नोक्सानी भएको छ । स्थानीय रमेशप्रसाद चौरसियाको भकारीमा राखिएको धान र पसलको छानो उड्दा प्रिन्टर, फ्रिज, मोटर तथा महत्त्वपूर्ण कागजातहरूमा क्षति पुगेको छ । उनको करिब ५० हजार रुपैयाँभन्दा बढीको नोटेक्सानी भएको बताइएको छ । गए रातिको तीव्र हावाहुरी र असिनाले बारा जिल्लाका अन्य स्थानहरूमा समेत क्षति पु¥याएको अनुमान गरिएको छ ।

## सम्पादकीय

# वीरगंजको सडक विस्तारः विकासको आधारशिला

वीरगंजको मुख्य सडक, त्रिभुवन राजपथ, विस्तार गर्ने निर्णयले यस क्षेत्रको विकासमा नयाँ आयाम थप्ने निश्चित छ । सडकको आधिकारिक केन्द्रविन्दु निर्धारण गर्ने कार्यको सुरुवातले लामो समयदेखि प्रतीक्षित यस परियोजनालाई मूर्तरूप दिने दिशामा महत्वपूर्ण कदम चालेको छ। यसले वीरगंजको शहरी सौन्दर्य मात्र बढाउने छैन, अपितु यातायात व्यवस्थापनमा सुधार ल्याई आर्थिक गतिविधिहरूलाई समेत प्रोत्साहन गर्नेछ।

सडक विस्तारको क्रममा केन्द्रविन्दु निर्धारण गर्नु एक प्राविधिक र संवेदनशील कार्य हो । यसले सडकको दायाँ–बायाँ समान दूरी कायम गर्न मद्दत गर्छ, जसले गर्दा भविष्यमा कुनै पनि विवाद वा अवरोध सिर्जना नहोस् । स्टिलका किल्ला गाडेर गरिने यो कार्यले सडकको वास्तविक चौडाइ र सीमालाई स्पष्ट पार्नेछ, जसले गर्दा निर्माण कार्य अझ व्यवस्थित र प्रभावकारी हुनेछ । यो प्रक्रियाले स्थानीय बासिन्दा र सरोकारवालाहरूलाई पनि सडकको सीमाबारे स्पष्ट जानकारी प्रदान गर्नेछ।

यद्यपि, यस्ता विकास परियोजनाहरूले केही चुनौतीहरू पनि लिएर आउँछन्। सडक विस्तारको क्रममा घरटहरा हटाउनुपर्ने, मुआब्जा वितरण गर्नुपर्ने र स्थानीय व्यवसायहरूमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्नुपर्ने जस्ता विषयहरूमा विशेष ध्यान दिनुपर्छ । सरोकारवालाहरूको संयुक्त बैठकले यस विषयमा छलफल गरी निर्णय लिएको हुनाले, सबै पक्षको सहभागिता र समन्वयले यी चुनौतीहरूलाई सफलतापूर्वक सामना गर्न सकिने अपेक्षा गरिएको छ।

वीरगंज नेपालको प्रमुख व्यापारिक नाका भएकाले यहाँको सडक पूर्वाधारको सुदृढीकरणले राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्छ । सहज यातायातले व्यापारिक कारोबारलाई तीव्रता दिन्छ, जसले गर्दा आयात–निर्यातमा वृद्धि भई राजस्व संकलनमा समेत टेवा पुग्छ। यसका साथै, सडकको स्तरोन्नतिले स्थानीय पर्यटनलाई पनि प्रवद्र्धन गर्न सक्छ, जसले रोजगारीका अवसरहरू सिर्जना गर्न मद्दत गर्छ।

अन्ततः, वीरगंजको त्रिभुवन राजपथ विस्तार कार्य केवल एउटा सडक परियोजना मात्र नभई, यस क्षेत्रको समग्र विकास र समृद्धिको आधारशिला हो । यसलाई समयमै र गुणस्तरीय रूपमा सम्पन्न गर्नका लागि सम्बन्धित निकायहरू, स्थानीय सरकार र समुदायबीच निरन्तर समन्वय र सहकार्य अपरिहार्य छ । यसले वीरगंजलाई एक आधुनिक र सुव्यवस्थित शहरको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता



–महेन्द्रप्रकाश सिवाकोटी

पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो । ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्वपूर्ण भूमिका हुन्छ। नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन् । पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ । पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ । यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पु¥याउँछ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ । सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ । नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन। २०६९ सालमा पुनः राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो। त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तकहरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो । यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्ने प्रयास गरिरहेको थियो। तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन।

नीति बनाउनकै लागि, तेस्रो पटक, २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो । यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन । त्यसपछि, राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा निर्माणका क्रममा पुस्तक तथा शिक्षा क्षेत्रका दर्जनौँ सङ्घसंस्था, दुई सयभन्दा बढी शिक्षा क्षेत्रका बुद्धिजीवीहरूको संलग्नतामा नौ महिनाको गहन अध्ययन, सल्लाह र सुझाव लिएर पुस्तक नीति २०७३ को प्रारुप तयार गरिएको थियो। सो पुस्तक नीतिको प्रारुप तयार भएपछि, फेरि पनि देशैभरिबाट शिक्षा तथा पुस्तक क्षेत्रमा संलग्न व्यक्तित्वहरूबाट सुझाव मागिएको थियो र सो सुझावहरूलाई समेत उक्त दस्तावेजमा समावेश गरी राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा तयार पारिएको थियो।

झन्डै १० वर्षअघि राष्ट्रिय पुस्तक नीतिको मस्यौदा बने पनि त्यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन नदिंदा अहिलेसम्म राज्यको महत्वपूर्ण क्षेत्र नीतिविहीन बन्न पुगेको छ । आजको डिजिटल युगमा पनि पुस्तकको महत्व उत्तिकै छ । त्यसैले नियमित रूपमा पुस्तक पढ्ने बानी बसाल्नु आवश्यक छ। विश्वका कतिपय देशहरूले डिजिटलको अलावा पुस्तकको माध्यमबाट अध्ययन अध्यापन गराउने अभ्यासलाई जोड दिन थालेका छन् । पुस्तकको महत्वलाई धेरै देशहरूमा नीतिगत व्यवस्था गरी लेखक, पाठक र प्रकाशकहरूको साझा भूमिकामा जोड दिइएको पाइन्छ।

संयुक्त राष्ट्रसङ्घीय निकाय, युनेस्कोले सन् १९७२ मा विश्वका १९३ मुलुकमा राष्ट्रिय पुस्तक नीति लागू गर्दा नेपालमा पनि राष्ट्रिय पुस्तक नीति लागू गर्न खोजिएको थियो। पुस्तक नीतिका सन्दर्भमा, युनेस्कोले निर्देश गरेका ज्ञानको स्वतन्त्र र निर्बाध प्रवाहलगायत अवधारणाप्रति भने नेपालले औपचारिक सहमति जनाइसकेको अवस्था पनि छ तर, नेपालका शिक्षा क्षेत्रका माफियाहरूकै चलखेलले गर्दा हालसम्म उक्त पुस्तक नीति नेपालमा लागू गर्न सकिएको छैन। राष्ट्रिय पुस्तक नीतिले समग्र मुलुकको शिक्षा प्रणालीलाई सशक्त र संरचित बनाउने उद्देश्य राख्दछ । यदि यसलाई समयमै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकियो भने नेपालको पुस्तक बजार र शिक्षा प्रणालीमा अत्यन्त सकारात्मक सुधार ल्याउन सकिनेछ।

राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो। यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउनेछ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ। वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । शिक्षाको गुणस्तर, पाठ्यक्रम सामग्रीको उपलब्धता, र प्रकाशन उद्योगको दीर्घकालीन समृद्धि सुनिश्चित गर्न, राष्ट्रिय पुस्तक नीति २०७३ को निरन्तरता कायम राख्न र यसलाई अझ सशक्त बनाउन सबै पक्ष एकजुट हुन आवश्यक छ । यस नीतिको प्रभावकारी कार्यान्वयनले नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय र पहुँचयोग्य बनाउने नेपाल पुस्तक सङ्घको ठहर छ।

मुलुकमा गुणस्तरीय शिक्षा विकास गर्न राष्ट्रिय पुस्तक नीति, रणनीति तथा कार्यनीति बन्न जरुरी हुन्छ। पुस्तकको गुणस्तर वृद्धिको सुनिश्चितता हासिल गर्न, पाठकका रुची र आवश्यकताअनुसारका पुस्तकहरूको उत्पादन, वितरण, भण्डारण तथा पठन संस्कृतिको विकास गर्न पनि नयाँ पुस्तक नीति बन्नु आवश्यक छ । पुस्तकको प्रवद्र्धनलाई व्यवस्थित र चुस्त बनाई, आयात तथा निर्यातलाई व्यवस्थित गर्न र यी सबै क्षेत्रमा आवश्यक व्यावसायिक दक्षता समेत हासिल गर्नका लागि नीतिले मार्गनिर्देश गर्न सक्दछ। खासगरी नयाँ पुस्तामा सामाजिक सञ्जालप्रतिको बढ्दो आकर्षणले गर्दा पुस्तक पठन संस्कृति हराउँदै जान थालेको छ। पुस्तक, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र विविध पुस्तकहरूलाई परिभाषित गरी मुद्रित, साङ्केतिक, प्रयोगात्मक, डिजिटल वा अनलाइन पुस्तक निर्माणको आधार, लेखक र सम्पादकको योग्यता, पुस्तकको प्राज्ञिक तथा भौतिक गुणस्तरलगायत विषयलाई पनि ध्यान दिनुपर्ने समय आएको छ।

नेपालको विद्यालयमा शिक्षाको गुणस्तर गिराउने, पुस्तक बजारलाई अस्तव्यस्त बनाउने र राष्ट्रिय ढुकुटी के–कसरी ब्रह्मलुट गर्न सकिन्छ भन्ने योजनाकार तथा माफियाहरूको गतिविधि गम्भीर चिन्ताको विषय बनिसकेको छ। कसैले थाहा नै नपाउने गरी विस्तारै बहुपाठ्यपुस्तक लागू गर्ने अनि सरकारी विद्यालयका पाठ्यपुस्तकहरू समेत अभिभावकहरूलाई खरिद गर्न लगाउने र जनक शिक्षा सामग्री जस्ता संस्थालाई सदाका लागि बन्द गराउन खोज्नुले कसैलाई फाइदा पुग्दैन । शिक्षा क्षेत्रको गिरावट र पुस्तक बजारको अस्तव्यस्तता कुनै पनि राष्ट्रको भविष्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ । यसका कारण, शिक्षामा गुणस्तरको कमी मात्र होइन, जनताको अधिकारको पनि उल्लङ्घन हो । राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदामा पनि केही परिमार्जनहरू गर्न सकिन्छ। पुस्तक नीति केवल प्रकाशन क्षेत्रको नीति होइन, यो राष्ट्रको ज्ञान, चेतना र सभ्यताको भविष्यसँग जोडिएको विषय भएकाले समृद्ध समाज निर्माणका लागि प्रभावकारी पुस्तक नीति अपरिहार्य छ।

नेपालका आम जनतालाई शिक्षामा गुणस्तरीयता र पुस्तकको पहुँच सुनिश्चित गर्ने उद्देश्य अनुसार जनताका हक र अधिकारहरूको रक्षा गर्दै, नेपालको पुस्तक बजारलाई व्यवस्थित र पारदर्शी बनाउने मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ । वर्तमान समयमा ई–बुक, अडियोबुक तथा डिजिटल पुस्तकालयको महत्व बढ्दो छ। अनलाइन प्रकाशन र डिजिटल पुस्तकको व्यवस्थापन गर्ने गरी नीति बन्नु आजको मुख्य आवश्यकता हो। रासस

# रोकिएन अकालमा आमाहरुको मृत्यु

विक्रम संवत् २०७६ चैत ११ देखि २०७७ साउन ६ सम्मका कोभिड–१९ कारण 'लकडाउन'मा मात्र १३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए। महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो । कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न अप्ठ्यारो भएको हो । महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो।

विसं २०८१ साउनमा चितवनको एक अस्पतालमा गर्भपतन गराउने क्रममा महिलाको मृत्यु भयो । भरतपुर महानगरपालिका–२६ की ३२ वर्षीया नवीना महतोको अत्यधिक रक्तस्राव नरोकिएपछि अकालमा निधन भएको थियो। तत्कालीन समयमा गर्भपतन सेवा दिएको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी नै सूचीकृत तथा तालिम प्राप्तसमेत थिएनन् । 'मेडिकल हब'मा विकसित हुँदै गरेको चितवनमा पछिल्लो समय पनि असूचीकृत स्वास्थ्य संस्था तथा तालिम अप्राप्त स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा लिने क्रम घटेको छैन।

पर्साको बहुदरमाई नगरपालिका–६ स्थित भौवटारकी लालसा साह कानु को विसं २०८२ को जेठ अन्तिम साता अत्यधिक रक्तस्रावपछि निधन भयो। २४ वर्षीया कानुको गर्भपतनको असूचिकृत औषधि असूचीकृत औषधि पसलबाट किनेर स्वास्थ्यकर्मीको सल्लाह विना आफूखुसी खाएपछि स्वास्थ्य जटिलता देखिएको थियो। जटिल अवस्थामा स्वास्थ्य संस्थामा पुगेपछि उपचारका क्रममा उनको निधन भएको थियो। पर्सामा गर्भपतनका औषधि अनधिकृत पसलबाट अनधिकृत बिक्री हँदा असुरक्षित गर्भपतनका घटना नियन्त्रणमा चुनौती छ । सीमावर्ती सहर रक्सौलसँग जोडिएकाले पनि जटिलता थपिएको हो । 'गर्भपतन सेवा लिन सूचीकृत स्वास्थ्य संस्थामै जानुपर्छ' र 'गर्भपतनका लागि अनधिकृत औषधि स्वास्थ्यकर्मीका सल्लाह विना सेवन गरिनु हँदैन' भन्ने चेतनाका अभाव छ।

सुरक्षित गर्भपतन सेवा लिन स्वास्थ्य संस्थामा गएकी पाल्पाको बगनास गाउँपालिका–२ की २९ वर्षीया गीता पाण्डे सदाका लागि असुरक्षित भइन् । तीन स्वास्थ्य संस्था धाउँदा धाउँदै यही वैशाख ६ गते उनको अकालमा मृत्यु भयो । बुटवल उपमहानगरपालिकास्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकको 'हेलचेक्र्याइँ' नै उनको निधनको प्रमुख कारक बन्यो।

नेपाल मेडिकल काउन्सिलले हालैको बुटवल घटनाबारे सार्वजानिक गरेको प्रारम्भिक प्रतिवेदनले औंल्याउँदछ, 'आर्थिक लाभका लागि विना रेकर्ड गर्भपतन गराउने कार्य बढिरहेको र यसकै कारण महिलाहरू जोखिममा परी मृत्युदर समेत बढेकाले सो कार्यलाई रोक्नका लागि आवश्यक नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्छ।'

बुटवल उपमहानगरपालिकास्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक गर्भपतन सेवाका लागि सूचीकृत छैनन्। साथै गीताको उपचारमा संलग्न भनिएका स्वास्थ्यकर्मीसमेत गर्भपतन सेवाका लागि तालिम अप्राप्त व्यक्ति हुन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव एवं निवर्तमान प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार गर्भपतन सेवाका लागि सेवाप्रदायक स्वास्थ्य संस्था अनिवार्य सूचीकृत हुनैपर्छ र स्वास्थ्यकर्मीले आवश्यक तालिम लिएकै हुनुपर्छ।

स्वास्थ्यकर्मीले गर्भपतन गराउन गीतालाई दिएको औषधि कुन थियो, यो औषधिको बिक्रीका लागि औषधि व्यवस्था विभागमा दर्ता गरिएको थियो कि थिएन नेपाल मेडिकल काउन्सिलद्वारा गठित छानबिन समितिले अध्ययन गरिरहेको छ। काउन्सिलका सदस्य डा सम्राट पराजुली नेतृत्वको छानबिन समितिले अन्तिम प्रतिवेदन नआएसम्म बुटवलका जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक 'सिल' गर्न सिफारिस गरेको छ।

मेडिकल काउन्सिलका रजिस्ट्रार डा शतिशकुमार देवले बुटवल घटनाको प्रारम्भिक प्रतिवेदन तयार गरिएको, यसका केही सुझाव कार्यान्वयनमा समेत आइसकेको र अन्तिम प्रतिवेदन तयार भएपछि घटनाबारे विस्तृत विवरण आउने जानकारी दिनुभयो।

प्रारम्भिक प्रतिवेदनमा भनिएको छ, 'पूर्वाधारको अभाव जटिलता उत्पन्न हुँदा आवश्यक पर्ने जीवनरक्षा प्रणाली उपकरणहरू क्लिनिकमा पर्याप्त हुनुपर्ने र सोका आधारमा मात्रै सञ्चालन अनुमति दिनुपर्ने, सम्बन्धित निकायबाट अनुगमन तथा निरीक्षण गरी तोकिएको मापदण्ड पूरा नभएका स्वास्थ्य संस्थाहरू तत्काल बन्द गर्नुपर्ने, स्वास्थ्य सेवा प्रदायकले चिकित्सकको 'प्रेस्क्रप्सन' विना औषधि बिक्री वितरण गर्न नपाइने बिक्री वितरण गरेका सम्पूर्ण औषधिको अभिलेख राख्नुपर्ने, दर्तावाला चिकित्सकले सेवा प्रदान गर्दा आवश्यक पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थाहरूबाट मात्रै सेवा प्रदान गर्ने र आफूले प्रदान गरेको सेवाको सम्पूर्ण विवरण 'डिजिटल' रूपमा अभिलेख राख्नुपर्ने, प्रत्येक स्वास्थ्य संस्थाले सेवा प्रदान गर्ने विषयमा सर्वसाधारणले प्रस्ट देखिने गरी मूल्यसूची सहितको नागरिक बडापत्र अनिवार्य रूपमा राखिनुपर्ने।'

साथै निजी क्लिनिक र अस्पतालहरूको सूचीकरण र गुणस्तरको तत्काल अनुगमन गरी मापदण्ड नपुगेका संस्था बन्द गर्न र सुरक्षित गर्भपतन सरकारी तथा सूचीकृत अस्पताल, स्वास्थ्य संस्थामा मात्र गराउन सर्वसाधारणमा सूचना प्रवाह गर्न प्रारम्भिक सुझाव समितिले दिएको छ।

### प्रभावकारी बन्न सकेनन् कानून, पुगेन अनुगमन

सुरक्षित गर्भपतन सेवालाई कानूनले स्पष्ट रुपमा मुख्यतः महिलाको प्रजनन स्वास्थ्य र अधिकारका रुपमा व्याख्या गरे पनि सो सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यतालाई देशभर विस्तार गर्न सकिएको छैन। असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन पनि सकिएको छैन। सरकारले सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहे पनि अनुगमन पक्ष अत्यन्त फितलो हुँदा अकालमा आमाहरुको मृत्यु रोकिएको छैन।

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय पालिकालाई दिएको छ। तर अझै पनि अधिकांश स्थानीय पालिकाले यो अधिकारलाई जनशक्तिको अभाव देखाउँदै प्रयोग गर्न पन्छिदै आएका छन् । सुरक्षित गर्भपतन कुनै अपराध होइन, प्रत्येक गर्भवती तथा किशोरीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न सकिएको छैन।

महिला विकास तथा कानून मञ्च आबद्ध अधिवक्ता सविन श्रेष्ठले सुरक्षित गर्भपतनसम्बन्धी ऐन नियमावली कार्यान्वयन तथा अनुगमन पक्ष फितलो भएका कारण समस्या भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, नियमावली संशोधन जरुरी छ। प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन ल्याउने मुलुकहरुमा नेपालसहित फिलिपिन्स, युगान्डालगायत मुलुक मात्रै छन्।'

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष मुलुकभर एक लाख पाँच हजार बढी महिलाले गर्भपतन सेवा लिएका थिए। तीमध्ये २० वर्ष माथिका औषधि दिइने सेवा (एमए) ६९ हजार ६९०, औजारद्वारा दिइने सेवा एमभिए) २६ हजार २८८, औषधि दिइने सेवा (एमआई) एक हजार ६० र औजारद्वारा दिइने सेवा (डिएन्डई) ५५९ र २० वर्ष मुनिका ६ हजार ९०१ रहेका थिए।

महाशाखाले गरेको अध्ययनअनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन्। अर्थात् ४८ प्रतिशत मात्र सुरक्षित गर्भपतन हुने गर्दछ। सन् २०२१ को अध्ययन भन्दछ, 'सन् २०२१ मा गर्भपतन सेवा लिएका तीन लाख ३३ हजार ८५३, स्वास्थ्य संस्थामा गरिएको गर्भपतन एक लाख ७६ हजार २१६, स्वास्थ्य संस्था बाहिर एक लाख ४० हजार ४६० र अन्य हानिकारक अभ्यसद्वारा १६ हजार ६६७।'

सोही अध्ययनमा नेपालमा एक वर्षमा आठ लाख ६२ हजार १९९ गर्भधारण हुनेमध्ये करिव ५३ प्रतिशत गर्भ अनिच्छित रहने गरेको छ । साथै दुई तिहाइ अनिच्छित गर्भपतन हुने गरेको छ।

कुल गर्भपतनको ५२ प्रतिशत असुरक्षित हुने गरेको छ। औसतमा नेपालमा प्रत्येक दिन दुई जना आमाले अकालमा ज्यान गुमाउँदा करिब पाँच प्रतिशत मातृ मृत्युमध्ये गर्भपतनका जटिलताका कारण हुने गरेको छ।

सुरक्षित गर्भपतनका सेवाका बारेमा अनुगमनको समन्वय गर्ने काम सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय–स्वास्थ्य कार्यालयलाई रहेको छ । तर हालसम्म यस्तो अनुगनमन न्यून मात्र हुने गर्दछ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ । गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ। गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ । यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ।

### सरकारी स्वास्थ्य सस्थाः निःशुल्क सेवा छ, सेवाग्राही छैनन्

हाल ७७ जिल्ला अस्पताल र सीमित प्राथमिक स्वास्थ्य केन्द्रमा गर्भपतन सेवा उपलब्ध छ। विसं २०७३ देखि नै निःशुल्क रहेको यो सेवाका बारेमा सेवाग्राहीलाई जानकारी नै छैनन् । नेपालमा बर्सेनि कति महिलालाई सुरक्षित गर्भपतनको सेवा आवश्यक पर्छ र कति सेवाग्राहीले औषधि पसलका औषधिबाट गर्भपतन गराउँछन् भन्ने यकिन तथ्याङ्क सरकारी निकायसँग छैन ।

स्वास्थ्य मन्त्रालयका सहसचिव डा बुढाथोकी भन्नुहुन्छ, 'सेवाग्राहीले गर्भपतन सेवाका लागि क्लिनिक सूचीकृत छ कि छैन बुझेर मात्र सेवा लिनुपर्छ । आफूखुसी अनधिकृत औषधि पसलबाट अनधिकृत औषधि सेवन गर्नुहुन्न । औषधि व्यवस्था विभागको सीमित स्रोत साधनका कारण औषधि पसल अनुगमन गर्न नभ्याइएको हो। सुरक्षित गर्भपतन सेवाअन्तर्गत क्लिनिक र औषधि सेवनमार्फत दुवै सेवा प्रदान गर्न सरकार सक्षम छ। सेवा छ, सेवाग्राही छैनन्।'

सरकारी स्वास्थ्य संस्थामा गोपनीयता नहुने जनाउँदै सेवाग्राही यस्ता सेवाका लागि निजी तथा औषधि पसलमा निर्भर हुने गर्दछन्।

गत असोजसम्म सुरक्षित गर्भपतन सेवाका लागि दुई हजार ८२७ भन्दा वढी स्वास्थ्य संस्था सूचीकृत भएका छन् भने सात हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ।

'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो १० हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ । तालिम तथा अनुमति प्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिन सुरुआत गरेका छन् । ग्रामीण क्षेत्रमा यो सेवा अति प्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ।

यसैगरी, १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ । १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ।

औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी रहेको छ। सुरक्षित गर्भपतन सेवाका बारेमा अझै जानकारी छैन। सेवा लिनसमेत अझै हिचकिचाउने प्रवृत्ति छ । सुरक्षित गर्भपतन सेवा परिवार नियोजनको साधन होइन भन्ने कुरालाई समुदायमा बुझाउन जरुरी छ।

वातावरण स्वास्थ्य र जनसङ्ख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा¬) का एक अध्ययनअनुसार नेपालमा वार्षिक रुपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ। तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचीकृत संस्थामार्फत हुन्छ।

हाल आधुनिक परिवार नियोजन सेवाको प्रयोग दर ४२.८ प्रतिशत छ । अझै पनि प्रजनन उमेरका २३.७ प्रतिशत महिलाले परिवार नियोजन सेवा प्रयोग गर्न चाहेर पनि सेवा प्राप्त गर्न सकेका छैनन्। रासस

# सञ्चारमन्त्रीसँग जापानी राजदूतको शिष्टाचार भेट



**काठमाडौँ ।**
नेपालका लागि जापानका राजदूत मायदा तोरुले सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनासँग शिष्टाचार भेटवार्ता गरेका छन् ।

सोमबार सिंहदरबारस्थित सञ्चार मन्त्रालयमा भएको भेटवार्तामा उनीहरूबीच नेपाल र जापानको कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको सन्दर्भमा आपसी सम्बन्ध, साझा हित तथा बहुआयामिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको हो ।

त्यस अवसरमा मन्त्री डा तिमिल्सिनाले नेपाल र जापानबीचको ऐतिहासिक, मैत्रीपूर्ण र विश्वासमा आधारित सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गरे । नेपालले जापानलाई विकास साझेदार मात्र नभई विश्वसनीय मित्र राष्ट्रका रूपमा हेर्दै आएको उल्लेख गर्दै उनले बदलिँदो विश्व सन्दर्भमा प्रविधि र नवप्रवर्तनमार्फत सम्बन्धलाई नयाँ उचाइमा लैजान सकिने बताए ।

मन्त्री डा तिमिल्सिनाले नेपाल सरकारले सूचना प्रविधि, कृत्रिम बौद्धिकता, साइबर सुरक्षा, दूरसञ्चार सेवा विस्तार तथा डिजिटल सुशासनलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र जनमैत्री बनाउन डिजिटल रूपान्तरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाइएको बताए । यी क्षेत्रमा जापानको प्राविधिक सहयोग, लगानी, क्षमता विकास तथा अनुभव आदानप्रदान अत्यन्त उपयोगी हुने उनको भनाइ थियो ।

मन्त्री डा तिमिल्सिनाले नेपालमा राजनीतिक स्थिरता कायम भएको र बलियो सरकार बनेकाले क्रमशः लगानीमैत्री वातावरण निर्माण हुँदै गएको स्पष्ट पारे । नीतिगत सुधार, कानुनी संरचना सुदृढीकरण तथा प्रशासनिक प्रक्रियाको सरलीकरणमार्फत वैदेशिक लगानीकर्तालाई आकर्षित गर्ने सरकारको योजना रहेकोसमेत उनले बताए । नेपालले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन चाहेको उल्लेख गर्दै हउनले विशेषगरी सूचना प्रविधि, डिजिटल सेवा, 'क्लाउड' पूर्वाधार, 'ई–गभर्नेन्स' प्रणाली तथा नवप्रवर्तन उद्योगमा लगानी आवश्यक रहेको बएका थिए ।

राजदूत तोरुले नेपालमा सूचना प्रविधि क्षेत्रको तीव्र विकासका लागि दुई देशबीच थप सहकार्य गर्न सकिने धारणा राखेका थिए । उनले डिजिटल पूर्वाधार विस्तार, प्राविधिक जनशक्ति विकास, नवप्रवर्तन तथा लगानी प्रवद्र्धनका क्षेत्रमा जापान र नेपालबीच सहकार्यको ठूलो सम्भावना रहेको उल्लेख गरे । विशेषगरी नेपालका युवाशक्ति र जापानको प्रविधि तथा व्यवस्थापकीय अनुभवलाई जोडेर दुवै देशले पारस्परिक लाभ लिन सक्ने राजदूत तोरुको भनाइ थियो । उनले जापानमा करिब तीन लाख नेपाली बसोबास गरिरहेको उल्लेख गर्दै तीमध्ये ठूलो सङ्ख्या सूचना प्रविधि, इन्जिनियरिङ, सेवा तथा प्राविधिक क्षेत्रमा आबद्ध रहेको जानकारी दिए । जापानमा रहेका नेपाली डायस्पोराको सीप, अनुभव र पुँजीलाई नेपालतर्फ आकर्षित गर्न सके डिजिटल रूपान्तरणको अभियानलाई तीव्रता दिन सकिने धारणा राखे । साथै विदेशमा बसेका नेपाली नागरिकलाई केवल श्रमशक्ति मात्र नभई ज्ञान, लगानी र नवप्रवर्तनका साझेदारका रूपमा उपयोग गर्नुपर्नेमा उनको जोड थियो ।

राजदूत तोरुले नीतिगत स्थायित्व, प्रशासनिक सहजीकरण र पूर्वाधार विकासलाई थप गति दिन सके जापानी निजी क्षेत्रको चासो नेपालमा अझ बढ्न सक्ने बताए । नेपालमा प्रविधि–आधारित उद्योग, सफ्टवेयर विकास, स्टार्टअप इकोसिस्टम तथा डिजिटल सेवा क्षेत्रमा जापानी लगानी आकर्षित गर्न सकिने सम्भावना रहेको भनाइ थियो ।रासस

# सशस्त्र प्रहरी महानिरीक्षकमा नारायणदत्त पौडेल नियुक्त



**काठमाडौं ।**
सरकारले सशस्त्र प्रहरी बल नेपाल (एपीएफ) को सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) पदमा सशस्त्र अतिरिक्त प्रहरी महानिरीक्षक नारायणदत्त पौडेललाई बढुवा नियुक्त गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आज बसेको मन्त्रिपरिषद् बैठकले पौडेललाई सशस्त्र प्रहरी महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको हो ।

बैठकका निर्णयबारे जानकारी दिँदै सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सुरक्षण मुद्रण केन्द्रलाई निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्दै व्यापारिक कारोबार गर्न सक्ने सार्वजनिक निकायको सूचीमा समावेश गर्ने निर्णय भएको बताउनुभयो । यससम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरिने पनि उहाँले जानकारी दिएका छन् ।

त्यसैगरी, मन्त्रिपरिषद्ले भन्सार नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय समेत गरेको छ ।

सरकारले सुरक्षा प्रशासन, सार्वजनिक निकायको व्यवस्थापन तथा राजस्व प्रणालीलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित यी निर्णयहरू गरेको जनाएको छ ।

# पार्टी संसदीय दलले सबैलाई मिलाएर लैजान्छः थापा



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी संसदीय दलले राष्ट्रिय आवश्यकताअनुसार सबैलाई मिलाएर लैजाने बताएका छन् ।

सिंहदरबारस्थित पार्टी संसदीय दलको कार्यालयमा आज सञ्चारकर्मीसँगको कुराकानीमा उनले पार्टी केन्द्रीय समितिमा रहेका र नरहेकाको पनि सहमतिमा भीष्मराज आङ्देम्बे पार्टी संसदीय दलको नेतामा निर्विरोध निर्वाचित भएको बताए । संसदीय दलको नेताका लागि लोकतान्त्रिक पद्धतिअनुसार निर्वाचनमै जान सकिने भए पनि केन्द्रीय समितिमा रहेका र नरहेका सबैको सहमतिमा धेरैको चाहनाअनुसार सहमतिबाट नेतृत्व छनोट गरिएको सभापति थापाको भना थियो ।

संसदीय दलको नेता चयनमा समय लागे पनि अन्तिममा सहजतापूर्वक सहमतिबाट नेतृत्व निर्विरोध निर्वाचित भएको छ, यसमा आदरणीय नेता अर्जुननरसिंह केसी र मोहन आचार्यको सहमति छ, उनले भने ।रासस

# राष्ट्रपतिद्वारा भानु साहित्य उद्यानको शिलान्यास



**तनहुँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले तनहुँको भानु नगरपालिका–४ चुँदीरम्घामा निर्माण गर्न लागिएको भानु साहित्य उद्यानको सोमबार शिलान्यास गरेका छन् । आदिकवि भानुभक्त आचार्यको जन्मस्थान चुँदीरम्घामा उद्यान निर्माण गर्न लागिएको हो ।

गत पुसमा उक्त उद्यानको विस्तृत परियोजना प्रतिवेदन भानु नगरपालिकाले स्वीकृत गरेको थियो । यस ठाउँलाई सप्तधामका रुपमा विकास गर्ने उद्देश्य राखिएको छ ।

स्वीकृत गुरुयोजनाअनुसार साहित्य उद्यानको पूर्ण निर्माणका लागि करिब रु एक अर्ब बजेट खर्च हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा सङ्घीय सहरी विकास मन्त्रालयबाट रु २० करोड बजेट विनियोजन भइसकेको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिए । उक्त बजेटबाट शिखर कटेरीदेखि रम्घा डाँडासम्मको मोटरमार्ग स्तरोन्नति गरी कालोपत्रे सडक निर्माण गरिनेछ भने ५४ फिट उचाइको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गरिने उनले बताए । हालसम्म गुरुयोजना कार्यान्वयनका लागि करिब ४०० रोपनी जग्गा प्राप्त भइसकेको छ ।

उनले भने, गुरुयोजना कार्यान्वयनपछि उद्यानमा साहित्यिक संरचना, सांस्कृतिक प्रतीक, पर्यटकीय पूर्वाधार तथा अध्ययन, अनुसन्धानका सुविधाहरू विकास गरिने अपेक्षा गरिएको छ ।

सिङ्गो नेपाललाई भाषाको माध्यमबाट जोड्ने आदिकवि भानुभक्त आचार्यको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको त्रिपाठीको भनाइ छ । उनले भने, "राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भ अनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ ।

साहित्यिक उद्यानमा विभिन्न संरचना निर्माण गरिनेछ । त्रिपाठीका अनुसार यहाँ भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमूना बस्ती, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको छ ।

भानु साहित्यिक उद्यानका लागि हालसम्म रु एक करोड ८० लाख खर्च भएको छ । साहित्यिक उद्यान निर्माणका लागि पछिल्लो दुई आर्थिक वर्षमा गरी रु एक करोड ८० लाख ४१ हजार ५०० खर्च भएको जनाइएको छ ।रासस

# ठूलो जनमत प्राप्त गरेको सरकार अलोकप्रिय नबनोसः पौडेल



**ललितपुर ।**
नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले ठूलो जनमतसहित गठन भएको सरकार अलोकप्रिय नहोस् भन्ने कामना गरेका छन् ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा बोलाइएको केन्द्रीय समिति बैठकमा सहभागी हुन जाने क्रममा महामन्त्री पौडेलले सुकुमबासीमाथि कारबाही गर्दा पूर्वतयारी नपुगेको हो कि भन्ने आफूलाई लागेको बताए । सरकारको कार्यशैलीले नागरिक त्रसित हुनुपर्ने, दिक्दारी सृजना गर्ने अवस्था हुनु हुँदैन, यो सरकारले राम्रोसँग काम गरोस् उनले भने ।

महामन्त्री पौडेलले सुकुमबासीलाई हटाउनु हुँदैन भन्ने कांग्रेसको धारणा नभएको र सबै सुकुमबासी थिए भन्नेमा पनि आफ्नो पार्टीको धारणा नभएको बताए ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठक अहिले पार्टीको केन्द्रीय कार्यालय सानेपामा जारी छ । ११:०० बजे बोलाइएको बैठक दिउँसो १:०० बजेदेखि सुरु भएको हो ।रासस

# वाइन उद्योगलाई विशेष सहुलियत दिन उद्योगीको माग




**काठमाडौँ ।**
स्वदेशी फलफूलमा आधारित वाइन उद्योग जोगाउन सरकारसँग विशेष कर सहुलियतको माग गरिएको छ । वसन्तपुर तीनजुरे प्रालिद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा किबीबाट उत्पादित वाइनमा लाग्दै आएको अन्तःशुल्कमा ८० प्रतिशत छुट दिन माग गरेको हो ।
हालको कर नीतिका कारण आफूहरुले लगानी जोखिममा परेको उनीहरुको भनाइ छ । धनकुटाको महालक्ष्मी नगरपालिकामा विगत नौ वर्षदेखि सञ्चालनमा रहेको यस उद्योगले इलाम, पाँचथर, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, खोटाङ र धनकुटाका किसानबाट किबी खरिद गरी प्रशोधन गर्दै आएको छ ।
आर्थिक वर्ष २०७३÷७४ को बजेटमार्फत स्वदेशी फलफूलबाट उत्पादित १२ देखि १७ प्रतिशत अल्कोहलयुक्त पेयपदार्थमा ८० प्रतिशत अन्तःशुल्क छुट दिने व्यवस्था गरिएको थियो । विसं २०७५ मा उक्त सुविधा हटाइएपछि स्वदेशी उद्योगहरू मारमा परेको उद्योगले जनाएको छ ।
उद्योगका अध्यक्ष दुर्गामणि पौडेलले स्वदेशी र आयातित वाइनमा समान कर दर कायम गरिँदा स्थानीय उत्पादन प्रतिस्पर्धामा उत्रन नसकेको बताए । "आयातित मदिरासँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था सिर्जना भएको छ", उनले भने, "नीतिगत असमानताले स्वदेशी उत्पादन विस्थापित हुने जोखिम बढाएको छ ।"
पौडेलका अनुसार एक लिटर किबी वाइन उत्पादन गर्न ४६० रुपैयाँ अन्तःशुल्क, कच्चा पदार्थ, बोतल, श्रम लागत तथा १३ प्रतिशत भ्याट जोड्दा कूल लागत ९२१ पुग्ने उनको भनाइ छ । पौडेलले ढुवानी र बैंक ब्याजसमेत जोड्दा उत्पादन लागत अझै बढ्ने हुँदा बजारमा प्रतिस्पर्धा गर्न कठिन भएको भन्दै चिन्ता जनाएका छन् ।
आगामी बजेटमार्फत अन्तःशुल्कमा ८० प्रतिशत छुट दिई प्रतिलिटर कर १२० कायम गर्न सरकारसँग माग गर्छौं", उनले भने, "यस उद्योगमार्फत हजारौँ किसान प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । हाल ६५ घरपरिवार किसानको ४०० रोपनी र उद्योगको आफ्नै १०० रोपनी गरी कूल ५०० रोपनी जमिनमा किबी खेती भइरहेको छ ।
किबी बोटले रोपेको करिब पाँच वर्षपछि मात्र उत्पादन दिन सुरु गर्ने र करिब ५० वर्षसम्म फल दिने भएकाले किसानको लगानी दीर्घकालीन रहेको पौडेलले जानकारी दिए । उनका अनुसार प्रशोधन उद्योगलाई राज्यले प्रोत्साहन नगरे किसानले उचित मूल्य नपाउने र लगानी जोखिममा पर्ने सम्भावना बढेको छ । स्वदेशी फलफूलमा आधारित उद्योगको प्रवद्र्धन गर्न सके स्थानीय रोजगारी सिर्जना, बाँझो जमिनको उपयोग तथा आयात प्रतिस्थापनमा टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ । उनका अनुसार 'तिन्धुरे बगान' ब्रान्डको किबी वाइन बजारमा ल्याउने अन्तिम तयारी गरिरहेको छ । रासस

# पर्यटन प्रवर्द्धनका लागि 'एक्सप्लोर माडी' पोर्टल




**चितवन ।**
चितवनको माडी उपत्यकाको समग्र जानकारी उपलब्ध गराउने उद्देश्यले माडी नगरपालिकाले 'एक्सप्लोर माडी' नामक पोर्टल सञ्चालनमा ल्याएको छ ।
नगरपालिकाका सूचना अधिकारी प्रवीण भण्डारीका अनुसार उक्त पोर्टलमा माडीका पर्यटकीय सम्पदाबारे विश्वका विभिन्न भाषामा अनलाइन अनुवादसहित जानकारी उपलब्ध गराइएको छ । पोर्टलमार्फत माडीका पर्यटकीय स्थल, धार्मिक क्षेत्र, प्राकृतिक आकर्षण, होमस्टे तथा फार्म स्टे, यातायातलगायतका विवरण सहज रूपमा प्राप्त गर्न सकिनेछ । साथै पोर्टलमा माडीमा हाल भइरहेका गतिविधि, मेला–महोत्सव तथा आगामी कार्यक्रमसम्बन्धी जानकारीसमेत समावेश गरिएको उनले बताए ।
उनका अनुसार पोर्टलमा एआई प्रणालीसमेत समावेश गरिएको छ, जसमार्फत प्रयोगकर्ताले माडीबारे प्रत्यक्ष संवाद गर्न सक्नेछन् । नगरपालिकाले एक वर्षदेखि यसको तयारी गर्दै आएको थियो र नयाँ वर्षदेखि सञ्चालनमा ल्याइएको हो, उनले भने, हाल हामीले माडीका विभिन्न स्थानमा क्यूआर कोड राख्ने काम तथा होमस्टे सञ्चालक र अन्य सरोकारवालालाई पोर्टलसम्बन्धी जानकारी गराउने काम गरिरहेका छौँ । उनले यो पोर्टल माडीको समग्र अभिलेखका रूपमा रहने बताए ।
यहाँ हाल सात वटा सामुदायिक होमस्टे सञ्चालनमा छन् । पर्यटन व्यवस्थापन र प्रवद्र्धनलाई सहज बनाउन माडी नगरपालिकाले सबै होमस्टेलाई युजर आइडी र पासवर्ड प्रदान गरेको छ । यसै प्रणालीमार्फत होमस्टे सञ्चालनलाई डिजिटल रूपमा व्यवस्थित गर्ने प्रयास गरिएको हो । सो प्रणालीमार्फत पर्यटकले कोठा उपलब्धता, खाना–खाजाको दर, विभिन्न प्याकेजसम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् । साथै, सिधा सम्पर्कमार्फत बुकिङ तथा गुनासो राख्न सकिनेछ । रासस

# प्रदेश प्रमुख मियाँद्वारा बजेट अधिवेशन आह्वान

**कैलाली।**
सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख नजिर मियाँले प्रदेशसभाको बजेट अधिवेशन आह्वान गरेका छन्।
सोमबार मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश प्रमुख मियाँसँग शिष्टाचार भेट गर्दै अधिवेशन आह्वानको सिफारिस पत्र हस्तान्तरण गरे। उक्त सिफारिसको आधारमा आगामी १७ गते बिहीबार अपराह्न ४: ०० बजे बैठक बस्ने गरी अधिवेशन आह्वान गरिएको प्रदेश प्रमुखका प्रमुख स्वकीय सचिव साविर अलीले जानकारी दिए।
संविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेश प्रमुख मियाँले सरकारको सिफारिसमा अधिवेशन आह्वान गरेका हुन् । गत चैत २९ गते राति १२ बजेदेखि लागू हुने गरी प्रदेश प्रमुख मियाँले विधेयक अधिवेशन अन्त्य गरेका थिए । रासस

# महामारी सन्धिमा सहमति खोज्न अन्तिम कसरत




**जेनेभा ।**
भविष्यका महामारीहरू सामना गर्न बनाइएको विश्वव्यापी सन्धिको सबैभन्दा विवादित र अधुरो अंश टुङ्ग्याउन विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) मा सोमबारदेखि निर्णायक वार्ता सुरु भएको छ । धनी र विकासोन्मुख राष्ट्रबीच गहिरो मतभेद कायमै रहेकाले सम्झौताको कार्यान्वयन पक्ष अझै अन्योलमा छ, जसलाई मिलाउन थप एक साताको समय छुट्याइएको हो ।
गत वर्ष अनुमोदित महामारी सन्धिले व्यवहारमा कसरी काम गर्ने भन्ने मूल प्रश्नमै अहिले विवाद केन्द्रित छ । विशेषगरी 'रोगजनक पहुँच र लाभ–साझेदारी प्रणाली' (पिएबिएस) ले महामारी निम्त्याउन सक्ने भाइरस तथा रोगजनकहरूको पहुँच कसरी साझा गर्ने र त्यसबाट प्राप्त लाभ—जस्तै खोप, परीक्षण र उपचार—कसरी न्यायोचित रूपमा बाँड्ने भन्ने विषयमा स्पष्ट सहमति हुन सकेको छैन ।
डब्लुएचओकी प्रमुख वैज्ञानिक सिल्वी ब्रिन्डले विकासशील राष्ट्रहरूमा अझै गहिरो अविश्वास रहेको उल्लेख गरे । उनका अनुसार ती देशहरूले सङ्कटको बेला खोपमा समान पहुँच सुनिश्चित नहुने डरका कारण आफ्ना भाइरस नमुना साझा गर्न हिच्किचाइरहेका छन् । अर्कोतर्फ केही विकसित देशहरूले भने औषधि उद्योगलाई लगानीको प्रतिफलको स्पष्ट सुनिश्चितता नदिई यस्ता वैश्विक सम्झौतामा संलग्न गराउन कत्तिको सम्भव छ भन्ने प्रश्न उठाइरहेका छन् ।
अहिले खोप, उपचार र परीक्षण विकासमा भौतिक नमूनाभन्दा डिजिटल जेनेटिक सूचना अझ महत्त्वपूर्ण बनिसकेकाले आनुवंशिक डाटाको साझेदारी पनि अर्को जटिल पक्ष बनेको उनले बताए ।
मे २०२५ मा, कोभिड–१९ महामारीबाट सिकेका पाठका आधारमा तीन वर्षभन्दा लामो वार्तापछि सदस्य राष्ट्रहरूले ऐतिहासिक महामारी सन्धि स्वीकृत गरेका थिए । यसको उद्देश्य भविष्यका स्वास्थ्य सङ्कटमा अन्तर्राष्ट्रिय समन्वय सुदृढ गर्ने, निगरानी प्रणाली सुधार गर्ने र खोप तथा उपचारमा समान पहुँच सुनिश्चित गर्नु हो । तर सन्धिको मुख्य आधार मानिएको पिएबिएसलाई अन्तिम रूप दिन नसकिएकाले यो अझै अधुरै रहेको छ ।
आगामी मे १८ मा सुरु हुने विश्व स्वास्थ्य सभामा यसलाई औपचारिक रूपमा पारित गराउने लक्ष्य राखिएको छ । त्यसअघि पिएबिएसमा सहमति जुटाउन यही सातालाई अन्तिम अवसरका रूपमा हेरिएको छ । जेनेभास्थित ब्राजिलका कूटनीतिज्ञ जिन कारिडाकिसले मतभेद गम्भीर भए पनि सहमति सम्भव रहेको विश्वास व्यक्त गरे । उनले प्रगति सुस्त भए पनि विशेषगरी युरोपेली सङ्घ (इयु) बाट केही लचकता देखिन थालेको बताए ।
विकासोन्मुख देशहरू, विशेषतः अफ्रिकी राष्ट्रहरूका लागि पिएबिएस अत्यन्त महत्त्वपूर्ण विषय बनेको छ, किनकि कोभिड–१९ का बेला खोप पहुँचमा उनीहरूले ठूलो असमानता भोगेका थिए । यद्यपि, ती देशहरूबीच पनि प्राथमिकतामा फरक देखिन्छ । दक्षिण अफ्रिका जस्ता उदीयमान अर्थतन्त्रहरूले प्रविधि हस्तान्तरणमा जोड दिइरहेका छन् भने गरिब राष्ट्रहरू स्वास्थ्य सामग्रीमा प्रत्यक्ष पहुँच सुनिश्चित गर्न चाहन्छन् ।
पाकिस्तानका प्रतिनिधि आदिल मुमताज खोखरले वार्ता चुनौतीपूर्ण भए पनि सकारात्मक निष्कर्ष निस्कने आशा व्यक्त गरे । उनका अनुसार इजाजतपत्र, प्रविधि हस्तान्तरण र स्वास्थ्य प्रणालीको क्षमता विकासजस्ता विषयहरू मुख्य विवादका बिन्दु बनेका छन् । प्रस्तावित व्यवस्थाअनुसार सहभागी औषधि कम्पनीहरूले आफ्नो उत्पादनको २० प्रतिशत हिस्सा डब्लुएचओमार्फत पुनः वितरणका लागि उपलब्ध गराउनुपर्नेछ, जसको आधा दान र बाँकी किफायती मूल्यमा हुने व्यवस्था छ । तर स्वास्थ्य डेटा पहुँच र महामारीबाहेकका स्रोतहरूको उपयोगजस्ता विषयहरू अझै स्पष्ट पार्न बाँकी छन् ।
गरिब देशहरूले खोप र उपचारमा सुनिश्चित पहुँच पाउन सकून् भन्ने उद्देश्यले गैरसरकारी संस्था र विकासोन्मुख राष्ट्रहरूले प्रयोगशालाहरूलाई अनिवार्य दायित्वमा बाँध्नुपर्ने माग गरेका छन् । डाक्टरस विदाउट बोर्डर्सकी ओलेना जारित्सकाले इबोला प्रकोपको उदाहरण दिँदै अफ्रिकी नमूनाबाट विकसित उपचारहरूमा स्थानीय पहुँच सीमित भएको स्मरण गराए ।
यस्तै, पिएबिएस डाटाबेसमा प्रयोगकर्ताको दर्ता र निगरानी प्रणालीको विषयमा पनि विवाद छ । जर्मनी, नर्वे र स्विट्जरल्यान्डजस्ता विकसित देशहरूले बेनामी पहुँच कायम राख्न चाहेका छन् भने अन्य पक्षले त्यसले पारदर्शिता घटाउने तर्क गरेका छन् । थर्ड वल्र्ड नेटवर्कका के. एम. गोपकुमारका अनुसार यस्तो व्यवस्था रहिरहेमा कसले कुन उद्देश्यका लागि डाटा प्रयोग गरिरहेको छ भन्ने ट्र्याक गर्न असम्भव हुने खतरा रहन्छ । अक्सफामसहित १०० भन्दा बढी संस्थाहरूले डब्लुएचओलाई लेखेको संयुक्त पत्रमा बेनामी पहुँचले विकासोन्मुख देशका आनुवंशिक स्रोतहरू दण्डहीन रूपमा प्रयोग र व्यवसायीकरण हुन सक्ने चेतावनी दिएका छन् । रासस

# हर्मुज खुलाउन इरानको प्रस्ताव, वार्ता अन्योलमा



**कायरो ।**
विश्व ऊर्जा आपूर्तिको मुटु मानिने हर्मुज जलघाँटीमा जारी तनाव कम गर्ने प्रयासस्वरूप इरानले आफ्नो नियन्त्रण हटाउने प्रस्ताव अघि सारेको छ, तर त्यसको सट्टामा अमेरिकाले लगाएको नाकाबन्दी अन्त्य गर्नुपर्ने शर्त राखेपछि कूटनीतिक समीकरण झनै जटिल बनेको छ । आणविक कार्यक्रमलाई अलग राख्दै अघि सारिएको यो प्रस्तावले युद्धविरामलाई दीर्घकालीन समाधानमा रूपान्तरण गर्ने प्रयास भए पनि सहमति अझै टाढा देखिएको छ ।
यस विषयमा जानकारी राख्ने दुई क्षेत्रीय अधिकारीका अनुसार इरानले जलघाँटीमा लगाएको प्रतिबन्ध हटाउन तयार रहेको सङ्केत दिएको छ, तर त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहहरूमा लगाएको नाकाबन्दी फुकुवा गर्नुपर्ने माग गरेको छ । तर यो प्रस्तावलाई अमेरिकी प्रशासनले सहज रूपमा स्वीकार गर्ने सङ्केत देखिएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रम अन्त्य नगरी कुनै दीर्घकालीन समाधान सम्भव नहुने अडान दोहो¥याएको छ । उनले आइतबार फक्स न्युजसँगको अन्तर्वार्तामा इरानसँग वार्ता गर्न आफू तयार रहेको जनाउँदै उनीहरूले प्रत्यक्ष सम्पर्क गर्नुपर्ने बताए ।
यसैबीच, इरानका विदेशमन्त्री अब्बास अराघची सोमबार रुसको सेन्ट पिटर्सबर्ग पुगेको छ । त्यहाँ उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्ने कार्यक्रम रहेको छ । इरानी सरकारी समाचार एजेन्सीका अनुसार अराघचीले पछिल्ला घटनाक्रमबारे रुससँग परामर्श गर्ने अवसरका रूपमा यो भ्रमणलाई लिएको छ । उनले ओमान, पाकिस्तान र अन्य क्षेत्रीय देशहरूसँग पनि वार्ता गर्दै कूटनीतिक पहललाई निरन्तरता दिएको छ ।
इस्लामाबादमा इरान–अमेरिका वार्ता पुनः सुरु हुने अपेक्षा गरिएको थियो । पाकिस्तानले मध्यस्थताको प्रयास गर्दै वार्ता आयोजना गर्न खोजे पनि अमेरिकी पक्षले प्रत्यक्ष भेटघाटभन्दा टेलिफोन संवादलाई प्राथमिकता दिएपछि प्रक्रिया प्रभावित भएको हो । अराघचीले वार्ता ढिलाइ हुनुमा अमेरिकी 'अत्यधिक माग' जिम्मेवार रहेको आरोप लगाएको छ । अर्कोतर्फ, ट्रम्पले इरानको नेतृत्वभित्र स्पष्टता नभएको टिप्पणी गर्दै यस्तो अवस्थाले सम्झौता गर्न कठिन भएको सङ्केत गरे । अमेरिकी दूत स्टिभ विटकफ र जारेड कुशनरलाई इस्लामाबाद पठाउने योजना अन्ततः रद्द भएपछि कूटनीतिक प्रयास थप अनिश्चित बनेको छ ।
पर्सियन खाडीको प्रवेशद्वार मानिने हर्मुज जलघाँटी अहिले पनि तनावको केन्द्रमा छ । विश्वको करिब पाँचौँ भाग तेल र ग्यास यही मार्ग हुँदै आपूर्ति हुने गर्दछ । इरानले आवागमनमा प्रतिबन्ध लगाएको र अमेरिकाले नाकाबन्दी जारी राखेका कारण विश्व बजारमा तेलको मूल्य तीव्र रूपमा बढेको छ । सोमबार ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल करिब १०७ डलर पुगेको छ । योयुद्धअघि करिब ७२ डलर थियो । जलघाँटीमा अवरोधका कारण तेल मात्र नभई, तरलीकृत ग्यास, मल र अन्य सामग्रीको आपूर्ति पनि प्रभावित भएको छ । धेरै ट्याङ्करहरू पर्सियन खाडीमै रोकिएका छन्, जसले विश्वव्यापी आपूर्ति शृङ्खलामा दबाब सिर्जना गरेको छ ।
यसबीच इरानले ओमानसँग जहाज आवागमनका लागि टोल प्रणाली लागू गर्ने सम्भावनामा पनि छलफल गरेको बताइएको छ । साथै, नयाँ वार्ता अघि अमेरिकाले नाकाबन्दी हटाउनुपर्ने माग दोहो¥याएको छ, जसले वार्ता अझ जटिल बनाएको छ । गत फेब्रुअरी २८ मा सुरु भएको अमेरिका–इजरायल संयुक्त आक्रमणपछि भड्किएको युद्ध औपचारिक रूपमा रोकिए पनि स्थायी समाधान निस्किएको छैन । हजारौँ मानिसको ज्यान गएको र विश्व अर्थतन्त्रमा असर पारेको यो द्वन्द्व अझै संवेदनशील अवस्थामा छ ।
दुवै पक्षले सैन्य चेतावनी पनि जारी राखेका छन् । इरानले अमेरिकी कदमलाई 'समुद्री डकैती' भन्दै कडा प्रतिक्रिया दिने चेतावनी दिएको छ भने ट्रम्पले जलमार्गमा खतरनाक गतिविधि गर्ने डुङ्गाहरूलाई तत्काल कारबाही गर्न आदेश दिएको छ । ट्रम्पका अनुसार इरानले हालै 'अझ राम्रो' प्रस्ताव पठाएको भए पनि त्यसको विवरण सार्वजनिक गरिएको छैन । तर उनले इरानसँग आणविक हतियार नहुने सुनिश्चितता आफ्नो प्रमुख सर्त रहेको स्पष्ट पारेको छ । संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायका अनुसार इरानसँग ६० प्रतिशतसम्म समृद्ध युरेनियमको उल्लेख्य भण्डार रहेको छ, जुन हतियार–स्तरसम्म पुग्न केही प्राविधिक चरण मात्र बाँकी रहेको मानिन्छ ।
युद्धको मानवीय क्षति पनि गम्भीर बनेको छ । इरानमा कम्तीमा तीन हजार ३७५ र लेबनानमा दुई हजार ५०९ जनाको मृत्यु भएको छ भने इजरायल र खाडी क्षेत्रमा पनि मृत्यु सङ्ख्या बढेको छ । विभिन्न देशका सैनिक र संयुक्त राष्ट्रसङ्घका शान्तिरक्षकहरू समेत मारिएका छन् । यसैबीच इजरायल र हिजबुल्लाहबीचको युद्धविराम तीन हप्ता थप गरिएको छ, तर स्थायी शान्ति अझै टाढा देखिन्छ । यस समग्र अवस्थाले कूटनीतिक प्रयासलाई निरन्तरता दिइरहे पनि परिणाम अनिश्चित रहेको सङ्केत गरेको छ । रासस

# खाद्य संस्थानद्वारा ४३ लाखको सिमी खरिद




**हुम्ला ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय सिमकोट हुम्लाले चालु आर्थिक वर्षमा ४३ लाख १४ हजार छ सय रुपैयाँ बराबरको स्थानीयले उत्पादन गरेको सिमी खरिद गरेको छ ।
कार्यालयका लेखापाल कैलाश ऐडीका अनुसार २३ हजार ९७० किलो सिमी खरिद गरी बिक्रीका लागि सुर्खेत पठाइएको हो । त्यसैगरी सदरमुकाम सिमकोट सडक सञ्जालसँग जोडिएपछि बजारमा पर्याप्त मात्रामा चामल उपलब्ध हुँदा गत वर्षहरुको तुलनामा हाल खाद्य संस्थानको चामलको बिक्री घटेको कार्यालयले जनाएको छ ।
चालु आर्थिक वर्षमा सो कार्यालयले पाँच करोड ७० लाख ७१ हजार ८२१ रुपैयाँ बराबरको चामल, तेल र चिनि बिक्रि गरी सात हजार ९४२ क्वीन्टल चामल मौज्दात रहेको कार्यालयका लेखापाल ऐडीले बताए ।
यसैबीच हुम्लाको यारी भन्सार कार्यालय चार महिना पछि सञ्चालनमा आएको छ । नारा लेकको हिउँ पन्छाइसकेपछि सो नाका सञ्चालनमा आएको भन्सार कार्यालय प्रमुख रामराज जैसीले जानकारी दिए । उनका अनुसार गत आव २०८१÷०८२ मा उक्त नाकाबाट १७ लाख ५४ हजार राजस्व सङ्कलन भएको थियो । उक्त नाका भएर हुम्लाका युवायुवतीहरु चीनको ताक्लाकोट काम गर्न जानेको संख्या समेत बढेको कार्यालय प्रमुख जैसीले बताए । रासस

# दुई दिनपछि खुल्यो अवरुद्ध बीपी राजमार्ग



**काभ्रेपलाञ्चोक ।**
शनिबारको वर्षापछि रोशी खोलाको बाढीका कारण अवरुद्ध बीपी राजमार्ग दुई दिनपछि खुलेको छ । रोशी खोलामा अस्थायी डाइभर्सन बनाइ सोमबार दिउँसो ३ बजेदेखि आवागमन गराइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

आइतबार दिनभर डाइभर्सनको काम गरे पनि आइतबार अपराह्नको वर्षाले केही स्थानको डाइभर्सनमा पुनःक्षति पु¥याएपछि आइतबार साँझ आगावमन सञ्चालन गर्न नसकिएको कार्यालयका प्रमुख प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताउनुभयो । उहाँका अनुसार आज बिहानदेखि पुनः डाइभर्सन बनाइ दिउँसो ३ बजेदेखि आवागमन नियमित गराइएको हो ।

वर्षाले राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी क्षेत्रमा करिब चार किलोमिटर डाइभर्सन बगाएको थियो । कार्यालयका अनुसार उक्त क्षेत्रको आठ स्थानको बाट डाइभर्सन बनाइ आवागमन गराइएको हो । आइतबार नै सात स्थानको डाइभर्सन बनाएपछि चारसयबेंसी भन्ने स्थानमा डाइभर्सन बनाउने क्रममा बर्षा भएपछि थप काम रोकाइएको थियो ।

शनिबार दिउँसो वर्षा सुरु भए लगत्तै जोखिमलाई मध्यनजर गर्दै जिल्लास्थित सुरक्षा निकायले उक्त राजमार्गमा ३:३० बजेदेखि आवागमन बन्द गराएको थियो । जिल्ला प्रहरी कार्यालय धुलिखेलले उक्त राजमार्गअन्तर्गत काभे्रपलाञ्चोकको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मङ्गलटार सडकखण्ड वर्षाका कारण रोशी खोलामा ठूलो बाढी आएकाले सम्भावित जोखिम नहोस् भन्ने हेतुले बन्द गराएको हो ।

गत चैत तेस्रो साता पनि सोही क्षेत्रको विभिन्न स्थानको चार किमी बगाएपछि पुनःअस्थायी डाइभर्सन निर्माण गरिएको थियो । गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको कार्यालयले जनाएको छ ।

राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभन्ज्याङ र मङ्गलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो । कतिपय साना सवारीसाधनलाई तेमाल गाउँपालिका हुँदै वैकल्पिक मार्गबाट नमोबुद्ध नगरको भकुण्डेसम्म ल्याइएको थियो । रासस

# पन्ध्र प्रतिशत वन क्षेत्रमा डढेलो, चुरेमा नियन्त्रण चुनौतीपूर्ण



**कञ्चनपुर ।**
सुदूरपश्चिम प्रदेशका वन क्षेत्रमा डढेलोको प्रकोप बढ्न थालेको छ । हालसम्म करिब १५ प्रतिशत वन क्षेत्र यसको चपेटामा परिसकेको छ ।

प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज बिष्टका अनुसार विशेषगरी चुरे क्षेत्रका वनमा डढेलोको प्रभाव अत्यधिक देखिएको छ । जसले वन संरक्षण, जैविक विविधता तथा स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ ।

निर्देशक विष्टले मैदानी क्षेत्रको तुलनामा चुरे क्षेत्रका वनमा डढेलो बढी लागेको बताए । उनले मैदानी क्षेत्रमा सामुदायिक वन उपभोक्ता समूह र वन कर्मचारीको सक्रियताले डढेलोलाई तुलनात्मक रूपमा सजिलै नियन्त्रण गर्न सकिने भए पनि चुरे क्षेत्रको भौगोलिक विकटता नै प्रमुख चुनौतीका रूपमा उभिएको बताए ।

चुरे क्षेत्र भिरालो, दुर्गम र सडक सञ्जालविहीन छ, डढेलो लागेको स्थानमा पुग्नै जोखिमपूर्ण हुन्छ, कतिपय स्थानमा पुग्नै सकिँदैन, उनले भने, त्यसमाथि आधुनिक यन्त्र र उपकरणको अभाव छ, जसले नियन्त्रण झन् कठिन बनाएको छ ।

वन सुरक्षाकर्मी र कर्मचारीलाई डढेलो नियन्त्रणका लागि चुरे क्षेत्रमा पैदलनै जानु पर्ने भएकाले त्यो निकै चुनौतीपूर्ण रहेको उनको भनाइ छ । यसले गर्दा सानो आगो ठूलो डढेलोमा परिणत हुने जोखिम बढ्दै गएको छ । उनका अनुसार, डढेलो लाग्नुका कारणमा मानवीय गतिविधि प्रमुख रहेको छ । स्थानीय गोठालाले छिट्टै हरियो घाँस उमार्ने आशामा आगो लगाउने, च्याउ टिप्ने क्रममा आगो बाल्ने, खेतबारीमा गहुँका नल पोल्ने तथा नाली सरसफाइ गर्दा लगाइएको आगो वन क्षेत्रमा फैलिने कारणले डढेलो निम्त्याउने गरेको पाइन्छ ।

यसका साथै प्राकृतिक कारण र जलवायु परिवर्तनले पनि डढेलोको जोखिम बढाएको छ । विशेषगरी 'अलनिनो'को प्रभावका कारण तापक्रम बढ्दै जाँदा वन क्षेत्रमा चिस्यान घट्ने र सुख्खापन बढ्ने हुँदा आगो सल्किने सम्भावना उच्च हुन्छ । त्यसको प्रभाव सुदूरपश्चिमका वन क्षेत्रमा पनि परेको छ ।

अलनिनो प्रशान्त महासागरको सतह तापक्रम असामान्य रूपमा बढ्ने जलवायु प्रणाली हो, जसले तापक्रम वृद्धि, वर्षा ढाँचामा परिवर्तन र खडेरीको अवस्था सिर्जना गर्छ" वन निर्देशक बिष्टले भने, यस्तो अवस्थामा वन क्षेत्र अत्यधिक सुक्खा हुने भएकाले सानो लापरवाहीले पनि ठूलो डढेलो निम्त्याउन सक्छ । उनले भने, जति तापक्रम बढ्दै जान्छ, त्यति नै डढेलोको जोखिम र क्षति पनि बढ्दै जान्छ ।

डढेलोका कारण वन्यजन्तुको बासस्थान नष्ट हुनुका साथै जडीबुटी, घाँस र काठलगायतका वन पैदावारमा ठूलो क्षति पुग्ने गरेको छ । यसले वनमा आश्रित स्थानीय समुदायको दैनिक जीवन र आयआर्जनमा प्रतिकूल प्रभाव पारेको पार्दै आएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अवस्था भने विगतका वर्षको तुलनात्मक रूपमा नियन्त्रणमै रहेको छ ।

निकुञ्जका सहायक मुख्य संरक्षण अधिकृत विनयकुमार झाका अनुसार विगतका वर्षको तुलनामा यस वर्ष निकुञ्ज क्षेत्रमा डढेलो कम मात्रामा लागेको छ ।

निकुञ्ज प्रशासनले डढेलो नियन्त्रणका लागि पूर्वतयारीलाई प्राथमिकता दिएको जनाएको छ ।

सामुदायिक वन क्षेत्रमा भने जोखिम बढ्दै गएको सरोकारवालाले बताएका छन् । सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीका अनुसार सामुदायिक वनका पदाधिकारी र उपभोक्ता दिगो वन व्यवस्थापन कार्यविधि छिट्टै लागू गर्नुपर्ने मागसहित केही दिनदेखि आन्दोलनमा रहेकाले वन संरक्षणमा आवश्यक ध्यान पुग्न सकेको छैन । रासस

## रसुवागढी भन्सार कार्यालयः

# नौ महिनामा रु छ अर्ब ४२ करोड राजस्व सङ्कलन




**धुञ्चे ।**
उत्तरी नाका रसुवागढीबाट चालु आर्थिक वर्षको नौ महिनामा रु ३१ अर्ब ३० करोड बराबरका बस्तु भित्रिएको छ । नेपाल–चीन व्यापारको महत्वपूर्ण नाकाका रुपमा रसुवागढी रहेको छ । रसुवा भन्सार कार्यालय टिमुरेका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईका अनुसार आयातित सामग्रीको मूल्याङ्कनबाट नौ महिनाको अवधिमा रु छ अर्ब ४२ करोड राजस्व सङ्कलन भएको हो । कठिन भौगोलिक अवस्था र पटक–पटक आउने प्राकृतिक अवरोधबीच पनि नाकाबाट व्यापार सञ्चालन भइरहेको उहाँले जानकारी दिएका छन् ।

नाकाबाट आयात हुने सामग्रीमा रोलकपडा, तयारी पोसाक, विद्युतीय इभी गाडी, जलविद्युत् तथा पूर्वाधार विकास आयोजनाका निर्माण सामग्री, स्याउ, लसुन, औद्योगिक कच्चापदार्थ, उद्योग तथा मिलका मेसिनरी सामग्री र नेपाली सेनाले निर्माण गरिरहेको 'फास्ट ट्र्याक' आयोजनाका उपकरण प्रमुख रहेका छन् । नेपालबाट चीनतर्फ भने हस्तकलाका सामग्री, परम्परागत नेपाली कपडा, बाँसका मुढा, तिब्बत क्षेत्रमा चौँरीलाई खुवाइने 'प्याकिङ' गरिएको सुक्खा घाँस, चाउचाउ तथा बिस्कुट गरी करिब रु ६५ करोड बराबरका वस्तु निर्यात भएका छन् ।

सीमित उत्पादन क्षमताका बाबजुद नेपाली वस्तुको निर्यात क्रम विस्तार हुँदै गएको भन्सार कार्यालयले जनाएको छ ।

गत असार २४ गते ल्हेन्देखोलामा आएको भीषण बाढीले मितेरी पुल बगाएपछि केही समय व्यापार पूर्ण रूपमा प्रभावित भएको थियो । पुल पुनःनिर्माण ढिलो सम्पन्न हुँदा गत पुस १७ गतेदेखि मात्रैसामग्रीको आयात–निर्यात भई पुनः नियमित रूपमा सञ्चालन हुन थालेको भन्सार कार्यालयले जनाएको छ ।

ऐतिहासिक रूपमा भृकुटी र श्रङ्चङ गम्पोबीचको वैवाहिक सम्बन्धपछि नेपाल र तिब्बतबीच व्यापारिक सम्बन्ध विस्तार भएको मानिन्छ । यही ऐतिहासिक व्यापार मार्ग आधुनिक स्वरूपमा विकास हुँदै आज रसुवागढी नेपालको प्रमुख उत्तरी व्यापारिक प्रवेशद्वार बनेको छ ।

चीन सरकारले २०७२ मङ्सिर १५ गतेदेखि रसुवागढी नाकालाई पूर्ण मान्यता दिएपछि व्यापारिक गतिविधि थप बढेको थियो । छोटो दूरी, सहज पहुँच र अन्तरराष्ट्रिय व्यापारको सम्भावनाका कारण अधिकांश व्यवसायी रसुवागढी नाकातर्फ आकर्षित भइसकेको जनाउँदै गोसाइँकुण्ड गाउँपालिका–२ का वडाध्यक्ष कामीछिरिङ तामाङले नेपालको सबैभन्दा सहज उत्तरी व्यापार मार्ग भएकाले यस नाकाको उपयोग बढाउन आग्रह गरिएको बताएका छन् ।

सानो आकारको सडक रसुवागढी क्षेत्र बारम्बार बाढी, पहिरो तथा सडक स्तरोन्नति कार्यका कारण प्रभावित हुँदै आएको छ । व्यवसायीहरूले सडक पूर्ण रूपमा बन्द नगरी समय तालिका मिलाएर सडक मर्मत र व्यापार दुवै कार्य एकसाथ सञ्चालन पार्न माग गरेका छन् । बाढीको असरले भन्सार याडमा सामान जाँचपास गर्ने मुख्य स्थान बालुवा खोलाको किनारमा रहेको छ । दिनभरि चिसो हावा र धुलोबीच कर्मचारीले निरन्तर काम गर्नुपर्ने अवस्था रहेको छ । पर्याप्त संरचना, सुरक्षित भवन तथा कार्य वातावरणको अभावले कर्मचारी कठिन परिस्थितिमा सेवा दिन बाध्य रहेको गुनासो कर्मचारीहरू बताउँछन् । कर्मचारीले आधुनिक गोदाम, सुरक्षित जाँचपास स्थल, स्वास्थ्य सुरक्षाका सामग्री तथा विश्रामकक्षको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । हिमाली क्षेत्रको कठोर मौसममा कार्यरत कर्मचारीको मनोबल र सेवा प्रभावकारिता बढाउन कार्यस्थल सुधार आवश्यक देखिएको गोसाइँकुण्ड–२ का वडाध्यक्ष तामाङको भनाइ थियो । रासस

# ६५ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण सुरु



**म्याग्दी ।**
धवलागिरि गाउँपालिका–४ बगरमा ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजना निर्माण सुरु भएको छ ।

हाइड्रो भिलेज प्रालि प्रर्वद्धक रहेको आयोजनाले पहुँचमार्ग (सडक), विद्युत्गृह, सुरुङ र प्रसारण लाइन निर्माणलाई समानान्तर रुपमा अघि बढाएको हो ।

बगर गाउँदेखि बाँध निर्माणस्थल दोभानसम्म डाइभर्सनबाट सडक र बगरमा कार्यालय स्थापना गरेको आयोजनाका प्रमुख उत्तम पौडेलले विद्युत्गृहबाट निस्कने पानी फाल्न एक हजार १३० मिटर लामो 'टेलरेस' सुरुङ निर्माण थालिएको जानकारी दिएका छन् ।

बगर–तातोपानी खण्डको भिरमा सडक निर्माण नसकिदाँसम्म म्याग्दी नदीको किनारै किनार डाइभर्सन बनाएर बाँध निर्माण स्थल दोभानसम्म करिब १० किलोमिटर पहुँचमार्ग पु¥याएका छौँ,उनले भने, टेलरेस टनेल खन्न थालेको सिभिल ठेकेदार भूगोल इन्फ्रास्ट्रक्चरले विद्युतगृह, बाँध र मुख्य सुरुङ खन्ने तयारी गरेको छ । म्याग्दी र कुनाबाङ खोलाको दोभानमा निर्माण हुने बाँधबाट ७५ मिटर लामो र ११ दशमलव नौ मिटर अग्लो बालुवा थिग्राउने पोखरी 'डिसेन्डर' मा सङ्कलन गरी ७१० मिटर लामो 'पाइपलाइन'बाट ल्याइने पानीलाई तीन हजार छ सय मिटर लामो सुरुङमा हालिनेछ् । पुनः ७५० मिटर पाइपलाइनबाट ल्याइने पानीलाई ६०७ मिटर उचाइबाट पहाडभित्र रहने भूमिगत विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिने पौडेलले जानकारी दिएका छन् ।

'रन अफ रिभर' प्रकृतिको आयोजनामा २०९ मिटर ठाडो सुरुङ, २३० मिटर 'प्रेसर टनेल', ५८७ मिटर 'इनकलाइन्ट टनेल' र ७५७ मिटर 'पेनस्टक पाइप'का संरचना रहनेछन् । विद्युत्गृहमा तीन वटा युनिट 'टर्वाइन' रहनेछन् ।

आयोजनाबाट प्रतिघण्टा सुक्खायाममा ११७ दशमलव ८२ र बर्खायाममा २६४ दशमलव ४५ गिगावाट विद्युत् उत्पादन हुनेछ । बगर र तातोपानीको बीचमा रहेको पहाडमा बाहिरी भागबाट ६४० मिटर लामो सुरुङ खनेर त्यसभित्र भूमिगत विद्युत्गृह बनाउन लागिएको हो । बगरदेखि १६ दशमलव पाँच किलोमिटर दूरीमा रहेको डाँडाखेत सबस्टेसनबाट केन्द्रीय प्रणालीमा विद्युत् पठाउनका लागि १३२ केभी क्षमताको 'डबल र मल्टीसर्किट' प्रसारण लाइन निर्माणको प्रक्रिया अघि बढेको आयोजनाका जनसम्पर्क अधिकृत बुद्धिराज अधिकारीले बताएका छन् ।

प्रतिमेगावाट रु २० करोडका दरले रु १३ अर्ब लागत अनुमान गरिएको आयोजनाबाट विसं २०८४ चैत महिनादेखि विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

सिभिल ठेकेदार गत पुस महिनादेखि परिचालन भएको हो भने इलेक्ट्रोमेकालिक र हाइड्रोमेकानिकल ठेकेदार छनोटको चरणमा रहेका आयोजना व्यवस्थापक प्रमेश थापाले बताएका छन् । केही दिनमा भैँसीखर्कमा नेपाली सेनाको 'क्याम्प' (आधार शिविर) राख्ने तयारी भएको छ । विस्फोटक पदार्थको सुरक्षाका लागि नेपाली सेनाको क्याम्प राखेपछि मुख्य सुरुङ खन्ने तयारी गरिएको हो । रासस

# अस्पतालहरुको सेवाको गुणस्तर सुधार गर्न निर्देशन

**चितवन ।**
जिल्लाका सरकारी, निजी अस्पताल र स्वास्थ्य संस्थाका व्यवस्थापक एवं सञ्चालकसँगको बैठकमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सुधार गर्न निर्देशन दिएका छन् । स्वास्थ्य संस्थामा आएका बिरामीहरुलाई चिकित्सकहरुले संवेदनशील व्यवहार र अस्पतालको विधिभित्र रहेर काम गर्न पनि उनले निर्देशन दिए ।

चिकित्सकहरुको व्यवहार राम्रो नभएको, डायलासिस लगायतका सेवा दर्ता नगरी दिएको, एम्बुलेन्सहरुले बिरामी ल्याएबापत कमिसन दिने गरेको, अस्पतालजन्य फोहोर व्यवस्थित नगरिएको उनको भनाइ थियो ।

उनले भने, बिरामीको मृत्यु हुँदा आँसु झार्नु भनेको होइन, तर चिकित्सक संवेदनशील हुनै पर्छ ।

अस्पतालहरुले बीमा र नगदका बिरामीलाई फरक व्यवहार गरेको, अनावश्यक परीक्षणहरु गर्ने गरेको, विपन्नको उपचार प्रबन्ध राम्रो नभएको, ज्येष्ठ नागरिकले छुट नपाएको उनले बताए । कर्मचारीले तोके अनुसारको सुविधा नपाएको, सरकारी अस्पतालको टोकन प्रणाली राम्रो नभएको, बहिरङ्ग सेवामा जनशक्तिको व्यवस्थापन राम्रो नभएको, आन्तरिक र बाह्य 'रिफरल'को राम्रो व्यवस्थापन भएको उनले बताए ।

अस्पतालहरुको सेवाको गुणस्तर राम्रो नभएको भन्दै उनले भने, "गुणस्तरका व्यवहार र शैली परिवर्तन गर्नुपर्छ ।" जिल्ला प्रशासन कार्यालय चितवन र जनस्वास्थ्य कार्यालयले यहाँ आयोजना गरेको 'जिल्लामा नागरिक स्वास्थ्य सेवा विषयक परामर्श' उनले अस्पतालका व्यवस्थापक र सञ्चालकहरुको कुरा सुनेपछि निर्देशन दिएका हुन् ।

कार्यक्रममा भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले अस्पतालका समस्याहरु, कमजोरीहरु र अब सुधार्नुपर्ने विषयमा प्रस्तुति दिए । पछिल्लो समय अस्पतालमा बहिरङ्ग सेवामा व्यापक सुधार गरिएको भन्दै उनले विगतमा बिरामीले चिकित्सक खोज्नुपर्ने अवस्था रहेकामा अहिले चिकित्सकले अस्पतालमा बिरामी खोज्ने गरेको बताए । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले अस्पतालमा धेरै सुधार भएको भन्दै तथ्याङ्कले त्यो कुरा पुष्टि गर्ने बताए । उनले अझै धेरै सुधार गर्नुपर्ने भन्दै सरकारले दिनुपर्ने विपन्न र बीमाको भुक्तानी समयमा दिएमा अस्पताल सुधार गर्न सहज हुने बताए ।

जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरेले ऐनका बारेमा जानकारी गराउँदै तत्अनुसार काम हुन नसकेको बताए । निजी अस्पताल समन्वय समितिका अध्यक्ष विक्रम अधिकारीले निजी क्षेत्रले स्वास्थ्यमा ठूलो लगानी गरेको भए पनि राज्यका तर्फबाट सम्बोधन गर्नुपर्नेमा ध्यान नदिइएको बताए ।

कार्यक्रममा निजी अस्पताल र क्लिनिकहरुका सञ्चालकहरुले आफ्ना गुनासाहरु राखेका थिए । यस्तै यातायात व्यवसायीहरुले स्वास्थ्य क्षेत्र सुधारका लागि गर्नुपर्ने सुझाव दिएका थिए । राससh

# मौलापुरमा 'फ्रि बिजुली–पानी' कार्यक्रम रोकिँदा विवाद




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिकामा सञ्चालन हुँदै आएका 'फ्रि बिजुली, फ्रि पानी' तथा छोरीको विवाहमा नगद सहयोग जस्ता कार्यक्रमको भुक्तानी अचानक रोकिएपछि स्थानीय तहमा विवाद चुलिएको छ ।

मेयर रिना कुमारी साहले यस निर्णयप्रति असन्तुष्टि जनाउँदै हस्तक्षेपको संकेत गरेकी छन् ।

उनका अनुसार वर्षौंदेखि सञ्चालनमा रहेका लोकप्रिय कार्यक्रमहरू प्रमुख प्रशासकीय अधिकृतले 'माथिल्लो निकायको निर्देशन' भन्दै रोक्नु अस्वाभाविक र शंकास्पद देखिएको छ । 'नगरवासीले पाउँदै आएको सेवा–सुविधा अवरुद्ध गर्नु स्वीकार्य छैन,' उनले बताइन् । स्थानीय सरकारलाई संविधान र कानुनअनुसार काम गर्न दिनुपर्नेमा जोड दिँदै उनले संघीय तहबाट हुने हस्तक्षेप रोक्न माग गरेकी छन् ।

मेयर साहले बालेन्द्र शाहलाई समेत सम्बोधन गर्दै स्थानीय तहको अधिकार सुरक्षित गर्न आग्रह गरेकी छन् । उनले बैठकको कार्यसूची तय गर्ने र निर्णय प्रमाणीकरण प्रक्रियामा भइरहेको हस्तक्षेप कानुनी अभ्यास विपरीत भएको आरोपसमेत लगाएकी छन् ।

मौलापुर नगरपालिका यस्ता सामाजिक सुरक्षा र राहतमुखी कार्यक्रमका कारण देशभर चर्चित रहँदै आएको छ । अन्य स्थानीय तहले समेत अनुसरण गर्दै आएका यी योजनाहरू रोक्न खोजिनु गलत भएको मेयर साहको भनाइ छ । समस्या छिट्टै समाधान हुने विश्वास उनले व्यक्त गरेकी छन् ।

यता, कार्यक्रम बन्द भएपछि स्थानीयवासीले 'संघर्ष समिति' गठन गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । समितिले टोल–टोलमा अन्तरक्रिया र हस्ताक्षर सङ्कलन सुरु गरिसकेको छ । साथै, प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने, नगरपालिका अगाडि प्रदर्शन गर्ने र अन्तिम चरणमा तालाबन्दीसम्मका कार्यक्रम अघि सारिएको छ ।

# पारिश्रमिक नपाएपछि कर्मचारी आक्रोशित गाउँपालिकामा धर्ना र तालाबन्दी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाउँपालिकामा सात महिनादेखि तलब नपाएको गुनासो गर्दै करारका कर्मचारीहरूले आन्दोलन थालेका छन् । उनीहरूले गाउँपालिका कार्यालयमै तालाबन्दी गरेर धर्ना सुरु गरेका छन्, जसका कारण सम्पूर्ण प्रशासनिक कामकाज ठप्प बनेको छ ।

बिहानैदेखि भिस्वास्थित गाउँपालिका कार्यालय अगाडि भेला भएका कर्मचारीहरूले नियमित पारिश्रमिक नपाउँदा दैनिक जीवन नै प्रभावित भएको बताएका छन् । लामो समयदेखि समस्या समाधानका लागि पहल गर्दा पनि सम्बन्धित निकायबाट कुनै ठोस कदम नचालिएको उनीहरूको आरोप छ ।




वडा नम्बर ५ मा कार्यरत कम्प्युटर अपरेटर लालबाबु महमदका अनुसार कात्तिक महिनादेखि नै तलब रोकिएको छ । उनले सम्झौताको अवधि समेत समयमै नवीकरण नभएको र तलबसमेत नपाउँदा आर्थिक संकट झेल्नुपरेको गुनासो गरे ।

कर्मचारीहरूका अनुसार गाउँपालिका तथा पाँचवटै वडा कार्यालयमा कार्यरत करिब ५० जना कर्मचारी विगत सात महिनादेखि पारिश्रमिकविहीन छन् । तलब निकासाका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखापालसँग पटक–पटक समन्वय गर्दा पनि कुनै सुनुवाइ नभएको उनीहरूको भनाइ छ ।

आन्दोलनका कारण गाउँपालिका र सबै वडा कार्यालयको सेवा प्रवाह पूर्ण रूपमा प्रभावित भएको छ । सेवाग्राहीहरू आवश्यक सेवा लिन नपाएर मारमा परेका छन् ।

यस विषयमा प्रतिक्रिया लिन प्रमुख प्रशासकीय अधिकृत कादिर बाबु देवानसँग सम्पर्क गर्ने प्रयास असफल भएको छ ।

यद्यपि, उनको स्थानमा सरुवा भएका संजीव कुमार साह हालसम्म कार्यालयमा हाजिर नभएको जानकारी प्राप्त भएको छ ।

# 'तिमीहरू तस्कर हौ' अभिव्यक्ति महँगोः डीएसपी हमाल बर्दिबास तानिए



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको बरियारपट्टी सीमाक्षेत्रमा खटिएका सशस्त्र प्रहरीका डीएसपी विजय हमाललाई विवादास्पद घटनापछि महोत्तरीको बर्दिबासस्थित छिन्नमस्ता बाहिनीमा तानिएको छ । स्थानीयसँग भएको विवाद, भारतीय नम्बर प्लेटको मोटरसाइकल प्रयोग लगायतका विषयमा छानबिन गर्न उनलाई बाहिनीमा सरुवा गरिएको सशस्त्र प्रहरीका प्रवक्ता डीआईजी विष्णुप्रसाद भट्टले जानकारी दिएका छन् ।

हुलाकी राजमार्ग अन्तर्गत पर्ने बरियारपट्टी क्षेत्रमा भन्सार छली गरी ल्याइँदै गरेको डिजेल नियन्त्रणमा लिने क्रममा प्रहरी र स्थानीयबीच तनाव उत्पन्न भएको थियो । सोही क्रममा डीएसपी हमाल आक्रोशित ढंगले प्रस्तुत भएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि घटना थप चर्चामा आएको हो । भिडियोमा उनले स्थानीयलाई 'तिमीहरू तस्कर हौ' भन्दै आक्रोश व्यक्त गरेको स्पष्ट सुनिन्छ ।

उक्त व्यवहारप्रति आपत्ति जनाउँदै स्थानीयहरूले प्रतिवाद गरेका थिए । उनीहरूले भारतीय नम्बर प्लेटको मोटरसाइकल प्रयोग गर्ने प्रहरी अधिकारीले आफूलाई तस्कर भन्न नमिल्ने भन्दै प्रश्न उठाएका छन् । भिडियोमा हमाल बीआर ०६ डीवाई ३०४१ नम्बरको मोटरसाइकलमा आएको देखिन्छ ।

विवाद बढेपछि स्थानीयले सिरहा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य शिवकुमार यादवलाई घटनास्थलमा बोलाएका थिए । स्थलगत निरीक्षणपछि सांसद यादवले सम्पूर्ण स्थानीयलाई तस्करको संज्ञा दिनु गैरकानुनी र अनुपयुक्त भएको टिप्पणी गरेका छन् । साथै, प्रहरी पोशाकमा विदेशी नम्बर प्लेटको सवारी प्रयोग गरेर सर्वसाधारणलाई त्रसित पार्ने कार्य अस्वीकार्य भएको भन्दै निष्पक्ष अनुसन्धान र आवश्यक कारबाहीको माग गरेका छन् ।

यसैबीच, सशस्त्र प्रहरी बल सिरहाका एसपी सुमनजंग थापाका अनुसार स्थानीय र प्रहरीबीचको यही विवादका कारण डीएसपी हमाललाई मधेश प्रदेश बाहिनी–२, महोत्तरी हेडक्वाटरमा तानिएको हो । उनी यसअघि सशस्त्र प्रहरी बल माडर अन्तर्गत बरियारपट्टी क्षेत्रमा कार्यरत थिए ।

स्थानीयवासीहरूले घटनामा संलग्न प्रहरीमाथि कडा कारबाहीको माग गरेका छन् भने सशस्त्र प्रहरी बलले घटनाबारे छानबिन अघि बढाइसकेको जनाएको छ ।

# बैधनाथ आमा तथा बाल अस्पतालको अध्यक्षमा सिंह नियुक्त




**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको धनकौल गाउँपालिका अन्तर्गत रहेको बैधनाथ आमा तथा बाल अस्पतालको अध्यक्ष पदमा समाजसेवी सुधीर प्रसाद सिंहलाई मधेश प्रदेश सरकारले नियुक्त गरेको छ । ५० शैयाको प्रादेशिक संरचनामा रहेको उक्त अस्पतालको नेतृत्वमा सिंहको आगमनसँगै स्वास्थ्य सेवामा गुणस्तर, प्रभावकारिता र पहुँच विस्तार हुने अपेक्षा गरिएको छ ।

आमा तथा बाल स्वास्थ्य सेवामा विशेष ध्यान दिँदै ग्रामीण क्षेत्रका नागरिकलाई सेवा प्रदान गर्दै आएको यस अस्पतालले नयाँ नेतृत्व पाएपछि थप व्यवस्थित र सुदृढ हुने विश्वास व्यक्त गरिएको छ । अध्यक्ष पदमा सिंहको नियुक्तिप्रति विभिन्न राजनीतिक दल, सामाजिक संघ–संस्था तथा स्थानीयवासीहरूले स्वागत गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

उनको लामो सामाजिक अनुभव, नेतृत्व क्षमता र सेवाप्रतिको समर्पणले अस्पताल व्यवस्थापनमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

नयाँ नेतृत्वसँगै अस्पतालमा सेवा विस्तार, भौतिक पूर्वाधार सुधार तथा समग्र स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा गति आउने अपेक्षा गरिएको छ । विशेषगरी आमा तथा बाल स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउँदै ग्रामीण नागरिकलाई सहज, सुलभ र भरपर्दो सेवा प्रदान गर्ने दिशामा अस्पताल अघि बढ्ने विश्वास लिइएको छ ।

यसैबीच, नेपाली कांग्रेस मधेश प्रदेश सूचना तथा सञ्चार विभागका सचिव निकेश त्रिपाठीले सिंहको नेतृत्वले अस्पताललाई नयाँ उचाइमा पु¥याउने विश्वास व्यक्त गरेका छन् । उनले स्वास्थ्य सेवा सुधार र नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउने दिशामा सिंहको भूमिका महत्वपूर्ण हुने उल्लेख गरेका छन् ।

# मधेश प्रदेशमा मुख्यमन्त्री फेरबदलसँगै विकास योजना अलपत्र !



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा २०७८ मा दोस्रो प्रदेशसभा गठन भएयता हालसम्म चार पटक मुख्यमन्त्री परिवर्तन भइसकेका छन् । लगातारको राजनीतिक फेरबदलका कारण प्रदेशका विकास योजना तथा 'प्रदेश गौरव'का रूपमा सुरु गरिएका धेरै महत्वपूर्ण कार्यक्रमहरू अलपत्र पर्ने वा कार्यान्वयनमै रोकिएको अवस्था देखिएको छ ।

प्रदेश संरचना स्थापना भएपछिको पहिलो कार्यकालमा मुख्यमन्त्री लालबाबु राउतले पाँच वर्ष सरकारको नेतृत्व गरेका थिए ।

सो अवधिमा उनले महिलाकेन्द्रित विभिन्न कार्यक्रमलाई प्राथमिकतामा राख्दै 'बेटी बचाऊ, बेटी पढाऊ' अभियानलाई प्रदेश गौरवको योजनाका रूपमा अघि सारेका थिए । यसअन्तर्गत विद्यालय जाने बालिकालाई साइकल वितरण, छोरी जन्मिँदा निःशुल्क बीमा, तथा छुवाछुतविरुद्ध कानुनी पहलजस्ता कार्यक्रम सञ्चालन गरिएको थियो ।

पूर्वमुख्यमन्त्री राउतका अनुसार यी कार्यक्रमले समाजमा छोरीप्रतिको दृष्टिकोण परिवर्तन गर्ने लक्ष्य राखिएको थियो । उनले छोरी जन्मलाई बोझ होइन, उत्सवका रूपमा लिन प्रेरित गर्ने उद्देश्यसहित छोरी बीमा कार्यक्रममार्फत प्रत्येक नवजात बालिकाका लागि तीन लाख रुपैयाँको बीमा व्यवस्था गरिएको दाबी गरेका छन् । तर यही लोकप्रिय योजनासँग जोडिएको साइकल खरिदमा भ्रष्टाचार पुष्टि भएपछि कार्यक्रम रोकिएको र अहिले ती साइकलहरू जनकपुर चुरोट कारखानाको खण्डहर गोदाममा प्रयोगविहीन अवस्थामा थन्किएको बताइन्छ । त्यस्तै, 'बेटी बचाऊ, बेटी पढाऊ' अन्तर्गतको छोरी शिक्षा बीमा कार्यक्रम पनि विस्तारै निष्क्रिय बन्दै गएको देखिन्छ । प्रारम्भिक चरणमा हजारौँ बालिकाको बीमा गरिए पनि पछिल्ला वर्षहरूमा अधिकांश आवेदन कार्यान्वयन नभएको तथ्यांक सार्वजनिक भएको छ ।

पछि जनमत पार्टीका मुख्यमन्त्री सतिशकुमार सिंहले पनि अघिल्ला कार्यक्रमहरू निरन्तरता दिन नसकेको स्वीकार गरेका छन् । उनका अनुसार कर्मचारीतन्त्रको असहयोग, कार्यविधिको अस्पष्टता र भ्रष्टाचारसम्बन्धी विवादले योजनाहरू प्रभावकारी रूपमा अघि बढ्न नसकेको हो । उनले प्रशासनिक कमजोरी र इमानदार कार्यान्वयनको अभावले 'प्रदेश गौरव'का कार्यक्रमहरू अलपत्र परेको टिप्पणी गरेका छन् ।

यसअघि जसपाका मुख्यमन्त्री सरोज यादवको कार्यकालमा जनकपुरमा राम जानकी बहुउद्देश्यीय रंगशाला निर्माणको घोषणा गरिएको थियो । त्यस्तै प्रदेश परिवहन कार्यक्रमअन्तर्गत २०७७ मा ३ करोड ९ लाख रुपैयाँमा खरिद गरिएका पाँच आधुनिक बस सञ्चालनमा ल्याउने योजना भए पनि ती बस पछि अन्य संस्थामा हस्तान्तरण गरिएको बताइन्छ ।

२४ दिन मात्र पदमा रहेका एमालेका मुख्यमन्त्री सरोज यादवले मधेश आन्दोलनका सहिदलाई 'मधेश रत्न' प्रदान गर्ने, किसानलाई राहत दिने र बेरोजगार युवालाई भत्ता उपलब्ध गराउने जस्ता घोषणा गरेपनि ती अधिकांश योजना कार्यान्वयनमै सीमित भए ।

हाल संविधानको धारा १६८ को उपधारा (२) अनुसार कांग्रेसका कृष्ण प्रसाद यादव छैटौँ मुख्यमन्त्रीका रूपमा नियुक्त भएका छन् । उनले मधेश प्रदेशमा सुशासन कायम गर्ने, बेथिति हटाउने र कृषि तथा किसान केन्द्रित विकासलाई प्राथमिकता दिने दाबी सार्वजनिक रूपमा गर्दै आएका छन् ।

मधेश प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन प्रसाद साहका अनुसार अघिल्ला सरकारका धेरै योजना हाल अलपत्र अवस्थामा छन् र ती कुन चरणमा छन् भन्नेबारे न अध्ययन भएको छ न त नियमित अनुगमन नै। राजनीतिक विश्लेषक चन्द्र किशोरका अनुसार गठबन्धन सरकारका कारण नीति निरन्तरता कमजोर बनेको छ । उनका अनुसार सामाजिक न्यायसँग जोडिएका राम्रा कार्यक्रमहरू निरन्तरता पाउन सकेको भए प्रदेशमा सकारात्मक परिवर्तन देखिन सक्थ्यो, तर योजनाहरू बीचमै रोकिँदा प्रत्यक्ष असर नागरिकमै परेको छ ।

लगातारको अस्थिरता, अधुरा योजना र कार्यान्वयनको कमजोरीले मधेश प्रदेशमा सरकारप्रति नागरिकको भरोसा क्रमशः कमजोर हुँदै गएको टिप्पणी गरिएको छ ।

# सोमबारदेखि कक्षा १२ को परीक्षा सुरु सुकुम्बासी विद्यार्थीको सुरक्षाबारे सर्कुलर जारी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सोमबारदेखि कक्षा १२ को वार्षिक परीक्षा शुरु भएको छ । बिहान ८ बजेदेखि परीक्षा शुरु भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । बोर्डका अनुसार परीक्षामा कुल ४ लाख १८ हजार ८ जना परीक्षार्थी सहभागी छन् । नियमिततर्फ ३ लाख ३२ हजार १ सय ७८ र आंशिकतर्फ ८५ हजार ८ सय ३० जना विद्यार्थी सहभागी छन् ।

२०७९ यताका विद्यार्थी आंशिक परीक्षामा समेटिएका छन् भने जापानको एभरेस्ट स्कुलबाट समेत ३६ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । यस वर्ष परीक्षार्थी संख्या घटेसँगै परीक्षा केन्द्रको संख्या पनि घटाइएको छ । देशभर १ हजार ४ सय २१ वटा परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ ।

यता शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सुकुम्वासी बस्ती स्थानान्तरण हुँदा मर्कामा परेका विद्यार्थीहरूको सुरक्षा र सहजिकरणबारे ६ बुँदे सर्कुलर जारी गरेका छन् ।

मन्त्रीको निर्देशनपछि मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अव्यवस्थित बस्ती स्थानान्तरण हुँदा त्यहाँ विद्यार्थीको परीक्षा व्यवस्थापन, प्रभावित वस्तिमै रहेका विद्यालय समायोजन तथा समन्वयलाई प्रभावकारी बनाउन विभिन्न निर्देशन तथा अनुरोध जारी गरेको छ ।

केन्द्रले सुकुम्वासी बस्ती हटाउँदा प्रभावित विद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्न सहजीकरण सबै स्थानीय तहलाई अनुरोध गरेको छ । सोमबारदेखि सुरू भएको कक्षा १२ को परीक्षामा सहभागी हुने परीक्षार्थीहरूलाई परीक्षा केन्द्रसम्म जान आवश्यक सहजीकरण गर्न र विद्यालय नै प्रभावित भएको ठाउँमा वैकल्पिक व्यवस्था गर्न केन्द्रले अनुरोध गरेको छ ।

सुकुम्वासी बस्तीका विद्यार्थी तथा विद्यालयसँग सम्बन्धित अन्य कुनै गुनासो, समस्या या सुझाव भए पनि केन्द्रमा पठाउन स्थानीय तहहरूलाई मन्त्रालयले अनुरोध गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन